संघीय संसद

प्रतिनिधि सभा

पहिलो अधिवेशन,२०७९

सदनमा टेवुल भएका प्रश्नोत्तर

| <u>प्रारम्भ मिति</u> | <u>समाप्त मिति</u> |
| --- | --- |
| २०७९ पुस २५ गते सोमबार | २०८० बैशाख १५ गते शुक्रबार |

संघीय संसद सचिवालय
प्रश्न व्यवस्थापन शाखा
सिंहदरवार, काठमाडौं

# संघीय संसद

# प्रतिनिधि सभा

## पहिलो अधिवेशन,२०७९

## प्रश्न व्यवस्थापन शाखा

महासचिव डा. श्री भरतराज गौतम

सचिव (प्रतिनिधि सभा) श्री गोपालनाथ योगी

सहसचिव श्री एकराम गिरी

उपसचिव श्री रामकुमार पौडेल

शाखा अधिकृत श्री विमला रावल

नायब सुब्बा श्री सोनी शाक्य

कार्यालय सहयोगी श्री विजया महर्जन

# विषयसूची


| क. सं. | मन्त्रालयको नाम | पेज नं. |
|---|---|---|
| | **सचिवालयमा दर्ता गरिएका मौखिक प्रश्नोत्तर** | |
| १ | प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय | १ |
| २ | अर्थ मन्त्रालय | १ |
| ३ | गृह मन्त्रालय | ९ |
| ४ | परराष्ट्र मन्त्रालय | ११ |
| ५ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १४ |
| ६ | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | १६ |
| ७ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | १८ |
| ८ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १९ |
| ९ | वन तथा वातावरण मन्त्रालय | २१ |
| १० | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | २२ |
| ११ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २३ |
| १२ | श्रम, रोजगार तथा सामजिक सुरक्षा मन्त्रालय | २४ |
| १३ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | २५ |
| १४ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २६ |
| १५ | शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय | २७ |
| | **सचिवालयमा दर्ता गरिएका लिखित प्रश्न** | |
| १६ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ३१ |

जम्मा प्रश्न दर्ता - ७६
स्वीकृत प्रश्न संख्या - ७६
अस्वीकृत प्रश्न संख्याः - ०
जवाफ प्राप्त संख्या - ५५ (मिति २०७९/१२/१६ सम्म)
प्रश्नकर्ता : माननीय प्रेम सुवाल
क्रमसंख्या : १२८

# संघीय संसद
# प्रतिनिधि सभा
# पहिलो अधिवेशन , २०७९
# मौखिक उत्तरको लागि स्वीकृत प्रश्नोत्तरको विवरण

**सम्माननीय प्रधानमन्त्रीसँग**

**प्रश्नकर्ताः मा. प्रेम सुवाल**

**प्रश्न नं. १**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले करोडौं र अर्बौं रुपैंया राजस्व छली गरेका र भ्रष्टाचार गरेकाहरुलाई अनुसन्धान गरी कारवाही नगरेको जनगुनासो के सत्य हो ? शासक दलका मन्त्री र नेताहरु कारवाहीबाट बच्न नै भागवण्डामा आयोगका पदाधिकारी नियुक्ति गर्ने गरिएको सत्य हो र ?

**जवाफः**

संवैधानिक अंग, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राजश्व छली गरेका र भ्रष्टाचार गरेकाहरुलाई अनुसन्धान गरी कारवाही नगरेको गुनासो सत्य होइन । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रचलित कानून बमोजिम अनुसन्धान र अभियोजनको काम गरेको र सो को फलस्वरुप अदालतबाट न्याय निरुपण भई सजाय समेत भइरहेको व्यहोरा सबैमा विदितै छ । भागवण्डामा आयोगका पदाधिकारी नियुक्त गर्ने गरिएको गुनासोमा पनि सत्यता छैन । संवैधानिक परिषद्को सिफारिसमा कानूनको रित पुऱ्याएर नै आयोगका पदाधिकारीहरु नियुक्त हुने संवैधानिक र कानूनी व्यवस्था छ ।

**माननीय अर्थमन्त्रीसँग**

**प्रश्नकर्ता : मा. प्रेम सुवाल**

**प्रश्नः २**

२५ वाणिज्य बैकले नियमविपरित ऋणीबाट असुल गरेका ४ अर्ब ६६ करोड ८ लाख रूपैया फिर्ता गर्नुपर्ने अवस्था कसरी भयो ? कसैको नियत खराब नियत भएका अधिकारीहरुको कारण यो स्थिति उत्पन्न भएको होइन र ? खराव नियत भएका अधिकारीहरुको कारण के कारवाही हुँदैछ? राष्ट्र बैंकले विदेशी पुँजीको सेवा गरेको कारण नेपालमा आर्थिक संकट देखिएको सत्य हो ?

**जवाफः**

वैंकले ऋण प्रवाह/कर्जा दिंदा ऋणीसँग कवुल गरेको प्रिमियम परिवर्तन गर्न नपाउने नेपाल राष्ट्र वैंकको निर्देशन छ।केही वैकहरुले वीचमा आएर प्रिमियम परिवर्तन गरेको नेपाल राष्ट्र वैंकको अनुगमनमा पाइएकोले केही रकम फिर्ता गर्न लगाइएको हो ।त्यस्तो कार्य गर्ने वैंकका प्रमुखलाई एकपटकका लागि

सचेत गराइएको छ ।नेपाल राष्ट्र बैंकले विदेशी पुँजीको सेवा गरेको कारण आर्थिक संकट आएको कुरामा सत्यता छैन ।

**प्रश्नः ३**

स्थानीय तह ७५३ मध्ये ७५२ वटामा वाणिज्य बैंकको शाखा पुगेको के सत्य हो ? बचत खाता खोलेका १८ लाख २७ हजारमध्ये ९-१० प्रतिशत वयस्क नागरिकले मात्र बैंकबाट ऋण पाउने र बाँकी ऋणका लागि बैंकिङ्ग प्रणाली बाहिर मिटर व्याजी, सुदखोरको दुश्चक्रमा पर्नु पर्ने स्थिति नै भएको जनगुनासो छ। मिटरव्याजीको दुश्चक्रमा परेकाहरु आत्महत्या गर्न बाध्य भएको सरकारलाई थाहा छैन र ?

**जवाफः**

स्थानीय तह २५३ मध्ये ७५२ वटामा वाणिज्य वैंकहरुको शाखा पुगेको सत्य हो । वझाङको सैपालमा शाखा खोल्ने प्रकृयामा रहेको छ ।

मिटरव्याजी गैह्रकानुनी कार्य भएकोले यसको दुष्चक्रलाई अन्त्य गर्न विभिन्न नीतिगत र प्रकृयागत व्यवस्था भइरहेका छन् ।

**प्रश्नः ४**

काठमाडौं उपत्यकाका औद्योगिक क्षेत्रहरु उपत्यकाबाहिर स्थानान्तरण गर्ने आ.ब.२०७३/०७४ र २०७६/०७७ को बजेट वक्तव्यको सरकारी प्रतिवद्धता अहिलेसम्म कार्यान्वयन किन भएन ? के आर्थिक माफियाहरुकै दवावमा सरकार परेको हो?

**जवाफः**

काठमाण्डौ उपत्यकाका औधोगिक क्षेत्रहरु उपत्यका बाहिर स्थानान्तरण गर्ने सरकारी नीति रहेको छ । सो कार्य उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट अघि बढ्ने जानकारी गराउँछु ।

**प्रश्नः ५**

राष्ट्रिय योजना आयोगको अध्ययनअनुसार राजस्वभन्दा खर्च बढ्दै गएको र विगत साढे चार दशकदेखि यसरीनै बढ्दै आएको के सत्य हो ?सरकारहरुले घाटा बजेट किन बनाएको हो?

**जवाफः**

विगत दश बर्षको औषत हेर्दा राजस्व वृद्धिदर २० प्रतिशत हाराहारी भएता पनि सो को तुलनामा खर्चको अंश वढ्दै गएको छ ।सरकारको कार्यक्षेत्रमा भएको विस्तार, सामाजिक सुरक्षा लगायतका जन कल्याणकारी क्षेत्रमा भएको बृद्धि, मुलुकको आर्थिक, सामाजिक र पूर्वाधारको विकास गरी सन्तुलन कायम गर्ने राज्यको उद्देश्य पूरा गर्न लगायतको कारण तुलनात्मक रुपमा खर्चको अनुपात बढ्दै गएको

छ । मुलतः घाटा वजेट अपनाउनुको कारण स्रोतको न्यूनता पूर्ति गर्नेर स्रोतलाई उत्पादनशिल क्षेत्रमा परिचालन गर्न सरकारले घाटा वजेटको अवधारणा ल्याएको छ ।

आयातमा निर्भर रहेको राजस्व संरचनालाई परिवर्तन गरी क्रमश: आन्तरिक राजस्वको हिस्सा बढाउने र राजस्वको दायरा विस्तार गर्ने,आन्तरिक र बाह्य ऋण परिचालनमा सुधार गरी लागत प्रभावी बनाउँदै उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नेनीति सरकारले लिएको छ । बढ्दो सार्वजनिक खर्चको आवश्यकता धान्न सक्ने गरी दिगो,भरपर्दो र व्यवस्थित कर प्रणालीको विकास गर्ने दिशामा सरकार क्रियाशील छ ।

**प्रश्नः ६**

चालु आ.ब.को हालसम्मको बजेट खर्च कति भयो ? के बजेटका लक्ष्यहरू पूरा हुने अवस्था छ ? आयात र निर्यातको स्थिति के छ ?

**जवाफः**

चालु आ.ब.२०७९/८० को हालसम्म चालुतर्फ रु. ५ खर्ब३७ अर्ब ४७ करोड ३४ लाख रुपैयाँ, पुँजीगततर्फ रु. ६७ अर्ब ५७ करोड ३४ लाख रुपैयाँ र वितीयतर्फ रु. ६९ अर्ब ८५ करोड ८० लाख रुपैयाँ समेत जम्मा रु. ६ खर्व ७४ अर्ब ९० करोड ४८ लाख रुपैयाँ खर्च भएको छ । गत वर्षको यही अवधिको तुलनामा कुल खर्च बृद्धि भए तापनि सार्वजनिक खर्च अपेक्षाकृत रुपमा बढ्न सकेको छैन ।

विश्वव्यापी आर्थिक सुस्तता, धेरै राजस्व संकलन हुने वस्तुहरुमा लगाइएको आयात प्रतिबन्ध, नगद मार्जिन लगायतको कारणले चालु आर्थिक वर्षमा राजस्व संकलन लक्ष्य अनुरुप हुन सकेको छैन ।राजस्व संकलनमा आएको न्यूनताले चालु आर्थिक वर्षको बजेटका लक्ष्य हासिल गर्न नसकिने देखिएको छ । चालु आर्थिक वर्षको बजेटको प्रथम छ महिनाको कार्यान्वयनको स्थितिका आधारमा गरिएको अर्धवार्षिक मूल्यांकन मार्फत् सरकारको श्रोत र खर्चको शुरु अनुमान भन्दा कम हुने गरी संशोधित अनुमान गरिएको छ । अर्ध वार्षिक मूल्यांकन प्रतिवेदन सार्वजनिक गर्नुपूर्व सम्मानीत सदनलाई माननीय उपप्रधानमन्त्री तथा अर्थ मन्त्रीज्यूले मिति २०७९।१०।२९ गते जानकारी गराउनु भएको थियो ।
चालु आर्थिक वर्षको छ महिनामा कुल वस्तु आयात गत वर्षको सोही अवधिको तुलनामा २०.७ प्रतिशतले कमी आई रु ७ खर्ब ९२ अर्ब ६७ करोड भएको छ भने कुल वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३२ प्रतिशतले कमी आई रु ८० अर्ब ८१ करोड पुगेको छ । कुल वस्तु व्यापार घाटा १९.२ प्रतिशतले कमी आई रु ७ खर्ब ११ अर्ब ८६ करोड भएको छ ।

**प्रश्न : ७**

नेपालको गैरसरकारी संस्थाहरूको बजेट सरकारको बजेट भन्दा बढी भएको वताइन्छ । नेपालको अनौपचारिक अर्थतन्त्र पनि औपचारिक अर्थतन्त्रकै हाराहारीमा भएको बताइन्छ। यी दुवैलाइ नियन्त्रण गर्ने सरकारको कार्यसूचि के छ ?

**जवाफ :**

राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुलाई मर्यादित, पारदर्शि र व्यवस्थित रुपमा परिचालन गर्दै सामाजिक तथा आर्थिक विकास गर्ने राज्यको नीति रहेको छ । वैदेशिक सहयोगमा संचालनमा रहेका राष्ट्रिय/अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुलाई बजेटरी सहयोगमा आधारित बनाई सहयोग, खर्च र उपलब्धिलाई पारदर्शी बनाई सहायता परिचालन गर्ने राज्यको नीति रहेको छ। सरकारले गैरसरकारी क्षेत्रमार्फत प्रवाह हुने नगद तथा वस्तुगत सहायतालाई समेत राष्ट्रिय बजेटको सञ्चालभित्र आबद्ध हुने गरी नीतिगत, कानूनी र संस्थागत व्यवस्था गर्दै आएको छ ।

अनौपचारिक अर्थतन्त्रलाई करको दायरामा ल्याउन कराधारको संरक्षण गर्दै करको दायरा विस्तार गर्ने; राजस्व चुहावट नियन्त्रण गर्ने; राजस्व प्रणालीलाई सुदृढीकरण गरी प्रगतिशिल, सरल, पारदर्शी र अनुमानयोग्य बनाउने; व्यवसायिक, स्वच्छ र करदातामैत्री कर प्रशासनको परिचालनबाट कर परिपालना तथा कर सहभागिता अभिबृद्धि गर्ने; राजस्व प्रशासनलाई प्रविधिमैत्री बनाउने; करदाता शिक्षालाई विस्तार गरी कर सचेतना अभिबृद्धि गर्ने वर्तमान सरकारको नीति रहेको छ ।

औपचारिक क्षेत्रलाई विस्तार गर्दै अनौपचारिक क्षेत्रका आर्थिक गतिविधीहरुलाई औपचारिक क्षेत्रमा आबद्ध गर्न करको दायरा विस्तार गर्दै लगिएको छ। सबै किसिमको कारोबारको लागि स्थायी लेखा नम्बर अनिवार्य गरिएको छ। त्यसैगरी, विद्युतीय प्रणाली मार्फत भूक्तानी गर्ने व्यवस्था मिलाईएको छ भने भन्सार विन्दु भन्दा बाहिर बाट हुने तस्करी र अवैध व्यापारलाई निरुत्साहित गर्न नियमित रुपमा गस्ती परिचालन गर्ने संयन्त्रको विकास भएको छ । सरकारले चाल्दै आएका यस्ता कदमहरुबाट अनौपचारिक क्षेत्र क्रमशः औपचारिक क्षेत्रमा रुपान्तरण हुँदै गएको छ।स्थायी लेखा नम्बर लिने करदाताहरुको संख्यामा बृद्धि हुँदै गएको छ । २०७९ पुस मसान्तसम्ममा व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाताको संख्या १८ लाख ४० हजार ४ सय ५०, व्यक्तिगत स्थायी स्थायी लेखा नम्बर लिने करदाताको संख्या ३३ लाख ४५ हजार ६ सय ४७ पुगेको छ ।

**प्रश्नः ८**

उच्च व्याजदरको कारण उद्योगी-व्यापारी निरुत्साहित भएको र विकास खर्च नहुँदा तरलता अभाव भएको बताइन्छ। वर्तमान आर्थिक संकट अन्त्य गर्न सरकारले निजी बैंकहरु राज्यको स्वामित्व ल्याउन लागेको के सत्य हो?

**जवाफः**

व्याजदर उच्च रहँदा उधोगी व्यापारीको लागत वढ्ने नै हुन्छ । विकास खर्च वढ्दा तरलतामा सहजीकरण हुन जान्छ । यसर्थ, व्याजलाई व्यवस्थापन गर्न र पुँजीगत खर्च वढाउन सरकार प्रयत्नशील रहेको छ । सरकारले निजी वैकहरुलाई राज्यको स्वामित्वभित्र ल्याउन लागेको भन्ने कुरामा सत्यता छैन ।

**प्रश्नः ९**

नेपाल र अमेरिकी निगमबीचको एमसीसी सम्झौताको दफा २.७मा वर्तमान र भविष्यको अमेरिकी नीतिर कानून पालना गर्नुपर्ने, दफा ६.८ मा एमसीसी सम्झौता कार्यान्वयनको सिलसिलमा नेपालीको मृत्यु भएमा कतै उजुरी दिन नपाउने, दफा ७.१ मा नेपालको कानूनभन्दा उक्त सम्झौता बलियो हुने,अनुसूची ५ (क) मा नेपालको जलविद्युत भारत लैजाने गरी बुटबलदेखि गोरखपुरसम्म प्रसारण लाइन निर्माण गर्ने व्यवस्था नेपाललाई अमेरिका र भारतको नवउपनिवेश बनाउने किन होइन? यस्तो देशघाती सम्झौता खारेज किन गरिदैन ?

**जवाफः**

एमसीसी कम्प्याक्ट सम्झौता को दफा २.७ मा एमसीसी अनुदानको प्रयोग के कस्ता कार्यमा गर्न नपाइने भन्ने कुरालाई प्रस्टयाइएको छ । यो दफाले सम्झौतामा उल्लेख गरिएको वा सरकारलाई लिखित रुपमा सुचित गरिएको संयुक्त राज्य अमेरिकाको कानून वा नीति उलंघन गर्न सक्ने क्रियाकलाप जस्तैः सेना, प्रहरी, मिलिसिया, राष्ट्रिय सुरक्षा वा अन्य अर्धसैन्य संगठन वा इकाईको प्रशिक्षणमा खर्च गर्न, वातावरण स्वास्थ्यलाई हानी गर्ने कार्यमा खर्च गर्न, संयुक्त राज्य अमेरिकाको रोजगारीमा क्षति पुग्ने तथा उत्पादनलाई विस्थापित गर्ने कार्यमा खर्च गर्न र परिवार नियोजनको साधनको रुपमा जवर्जस्ती गर्भपतन वा अस्वैच्छिक वन्ध्याकरण गर्ने वा उक्साउने जस्ता कार्यमा खर्च गर्न नपाइने भन्ने कुरा उल्लेख गरेको छ ।

एमसीसी कम्प्याक्टसम्झौताको दफा ६.८ मा एमसिसि कम्याक्ट अन्तरगतका परियोजनाहरु नेपाल सरकारको गठन आदेश अनुसार स्थापना भएको एमसिए नेपाल वाट संचालन र ब्यवस्थापन हुन्छ, जसको अध्यक्षता अर्थ सचिववाट हुने ब्यवस्था छ । संयुक्त राज्य अमेरिकाको सरकारी निकायको रुपमा रहेको एमसिसि यस अन्तर्गतका परियोजनाहरु कार्यान्वयनमा प्रत्यक्ष संलग्न हुदैन । एमसिसिको भूमिका अन्य वैदेशिक सहायतामा संचालित परियोजनमा जस्तै एक विकास साझेदारको रुपमा मात्र रहन्छ । कुनै पनि परियोजना कार्यान्वयनको सिलसिलामा आइपर्ने अनपेक्षित परिघटनाको लागि विकास साझेदार जिम्मेवार नहुने कुरा कूटनीतिक उन्मुक्ति तथा विषेशाधिकारको विषय हो ।यो पारस्पारिकताको आधारमा लागू हुन्छ ।

एमसीसी कम्प्याक्ट सम्झौताको दफा ७.१ को अर्थ कम्प्याक्ट सम्झौताले कुनै नेपाल कानूनलाई विस्थापन, संसोधन वा परिवर्तन गर्ने नभई कम्प्याक्ट कार्यान्वयनको क्रममा हुने गरिने सम्पूर्ण कार्यहरु कम्प्याक्ट सम्झौता बमोजिम नै हुने भन्ने हो ।सम्झौता र घरेलु कानून वाझिएमा सम्झौता नै लागू हुने विषय नयाँ होइन । नेपालको सन्धी ऐनले नै यो व्यवस्था गरेको छ ।

अनुसूची ५(क) मानेपाल र भारतवीचको अन्तरदेशीय प्रशारण लाइनको कुरा गरिएको छ । यो प्रशारण लाइन नेपालको आफ्नो आवश्यकता अनुसार निर्माणगर्न लागिएको हो।यो प्रशारण लाइनको मुख्य सरोकारवाला देश नेपाल र भारत भएकाले भारतको सहमति विना निर्माण तथा निर्माण पश्चात यसको उपयोग सम्भव हुँदैन ।यसमा नेपाललाई घात वा हानी हुने कुनै ब्यबस्था छैन ।

**प्रश्नः १०**

नेपालको सेयर कारोबारको अंक बढाउने र घटाउने काम एक सयजना ठूला सेयर कारोवारीको कब्जामा रहेको जनगुनासो के सत्य हो ? त्यस्ता शेयर कारोवारीको कारण सर्वसाधारण शेयर कारोवारी डुवेको र कतिपयले आत्महत्या गर्नुपरेको सरकारलाई जानकारी छ कि छैन ?

**जवाफः**

नेपालको शेयर कारोवारमा लगानी गर्नेले खुल्ला वजारमा प्रतिस्पर्धा र लाभ-हानी विश्लेषण गरी जोखिम वहन गर्ने शर्तमा लगानी गर्ने गरेका छन् । यसमा लगानी गर्ने क्षमता अनुसार शेयर वजारमा उपस्थिति देखिनु स्वाभाविक नै हो । नीतिगत रुपमा कसैको कव्जामा रहने गरी शेयर वजार संचालन भएको छैन ।शेयरको वजार भाउ, कम्पनीको कार्यसम्पादन र अर्थतन्त्रको गतिसंगै शेयर वजारमा उतारचढाव आउने हुँदा कुनैमा घाटा हुनु र कुनैमा  नाफा हुनु स्वभाविक हो । निरन्तर घाटामा जाने कारोवारीलाई व्यवसायिक समस्या परेको हुँदा त्यसलाई व्यवस्थित गर्न सुधारका प्रयास भईरहेका छन् ।

**प्रश्नः ११**

नेपालको खस्कदो अर्थतन्त्र उकास्न मुद्रा र बैंकिङ्ग कारोवारको काम पूर्णरुपले सरकारी स्वामित्वका संस्थाहरुबाट मात्र गराइने सरकारी नीति बनिरहेको के सत्य हो ? सो नीति कहिलेसम्म कार्यान्वयन हुँदैछ ?

**जवाफः**

यस्तो नीति वनेको सत्य होइन । मुद्रा र वैंकिङ्ग तथा सरकारी कारोवार गर्न वृहद् संजाल भएकोले सरकारी वैंकहरुले योगदान पुर्याएका छन् । वित्तीय पहुंच वृद्धि गर्न, वैंकिङ्ग सेवा विस्तार गर्न सवै वैंक तथा वित्तीय संस्थाको योगदान रहेको छ ।

**प्रश्नः १२**

एउटा सरकारी कर्मचारी २० वर्ष काम गरेर बाहिर आउँदा उनको हातमा निवृतिभरण वा उपदान हुन्छ।पचास वर्षभन्दा बढी खनजोत गरेर लाखौंको भोक मेटाउने किसानलाई निवृतिभरण किनछैन ?

**जवाफः**

चालु आर्थिक वर्षमा किसानसँग सरकार कार्यक्रम अन्तर्गत योगदानमा आधारित किसान पेन्सन योजना शुरुवात गर्न किसान हित कोष स्थापना गर्ने, उक्त कोषमा हरेक महिना किसानले जम्मा गर्ने रकमको १० प्रतिशत नेपाल सरकारले जम्मा गरिदिने र कोष स्थापना गर्न प्रारम्भमा बिउ पुँजी वापत रु १ अर्ब छुट्याईएको छ।

**प्रश्नः १३**

चालु आ.ब.मा सरकारको लक्ष्य ८ प्रतिशत आर्थिक बृद्धि कायम गर्ने हो तर ५.५ प्रतिशतमात्र आर्थिक बृद्धि पुग्ने अनुमान छ। मुद्रास्फिति ८ प्रतिशत माथि छ ।नेपालको यो अर्थतन्त्रलाई सरकारले कसरी हेरेको छ?

**जवाफः**

सन् २०२२ मा विश्व अर्थतन्त्र ३.४ प्रतिशत र सन् २०२३ मा २.९ प्रतिशतले बढ्ने अन्तराष्ट्रिय मुद्रा कोषको अनुमान रहेको छ । युक्रेनमा भइरहेको युद्ध,विश्वव्यापी मुद्रास्फीति र विश्व अर्थतन्त्रमा देखिएको सुस्तताका कारण विश्व अर्थतन्त्रको वृद्धिदर सन् २०२२ को तुलनामा सन् २०२३ मा केही कमी हुने अन्तराष्ट्रिय मुद्रा कोषको प्रक्षेपण रहेको छ । नेपालका छिमेकी मुलुकुहरु चीन र भारतको आर्थिक बृद्धिदर सन् २०२१ मा ८.४ प्रतिशत र ८.७ प्रतिशत रहेकोमा सन् २०२२ मा सन् २०२२ मा क्रमशः ३ प्रतिशत र ६.८ प्रतिशत रहने कोषको प्रक्षेपण छ भने सन् २०२३ मा सो वृद्धिदर क्रमशः ५.२ प्रतिशत र ६.१ प्रतिशत रहने अनुमान रहेको छ । विश्वव्यापीरुपमा देखिएको अर्थतन्त्रको प्रभाव स्वाभाविकरुपमा नेपालमा समेत परेको छ ।

आर्थिक वर्ष २०७९।८० मा मुद्रास्फीतिलाई ७ प्रतिशतको सीमाभित्र राख्ने लक्ष्य रहेकोमा २०७९ पुस महिनामा उपभोक्ता मूल्य सूचकांकमा आधारित वार्षिक विन्दुगत मुद्रास्फीति ७.३ प्रतिशत रहेको छ । समष्टिगत आर्थिक परिसूचकलाई क्रमशः अनुकूल र सन्तुलित बनाउँदै आर्थिक पुनरोत्थानलाई गति दिने विषय सरकारको प्राथमिकतामा रहेको छ । चालु आर्थिक वर्षको प्रथम छ महिनामा बाह्य क्षेत्रका केही परिसूचकहरुमा तुलनात्मक सुधार भएको छ । यो सुधारलाई दिगो बनाउँदै मौद्रीक क्षेत्र र सरकारी वित्तमा देखिएका चुनौति समाधान गरी अर्थतन्त्रलाई कोभिड पूर्वकै लयमा फर्काउन वर्तमान सरकार प्रयत्नशिल
रहेको छ ।

**प्रश्नः १४**

आयात भएका वस्तु २० प्रतिशत नेपालीले उपभोग गर्ने र बाँकी ८० प्रतिशत नेपालीले उपभोग गर्ने बराबर छ।यो आर्थिक असमानता अन्त्य नगरे 'सुखी नेपाली समृद्ध नेपाल' कसरी सम्भव होला ?

**जवाफः**

विगतका वर्षहरुदेखि नै नेपालको आन्तरिक उत्पादनको आधार कमजोर रहेको हुँदा वस्तु आयात उच्च रहँदै आएको छ। नेपालले आयात गर्ने वस्तुहरुमा आधारभूत वस्तुको साथै विलासिताका वस्तुहरु र पूँजी निर्माणमा सहयोग पुर्याउने वस्तुहरु समेत आयात हुँदै आएको देखिन्छ। सरकारले करको माध्यमबाट आयको वितरणलाई समन्यायिक हुने गरी आर्थिक नीति तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ। विलासिताका वस्तुहरुमा लगाईने भन्सार महशुल तुलनात्मकरुपमा उच्च रहेको छ। सीमान्तकृत, गरिब,

असहाय, पिछडिएको वर्ग तथा समूहको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउन पुनर्वितरणकारी नीति अवलम्बन गरिएको छ। नेपालको संविधान र आवधिक योजनाले निदृष्ट गरेबमोजिम वार्षिक बजेट मार्फत सुखी नेपाली र समृद्ध नेपालको लक्ष्य हासिल हुने गरी नीति तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिदैं आएको छ।

**प्रश्नः १५**

नेपालका स्थानीय तह ७५३ मध्ये ७५२ वटामा वाणिज्य बैकको शाखा पुगेको र बचत खाता खोलेका १८ लाख २७ हजार भएको सत्य हो ? ती बैंकबाट ९-१० प्रतिशत वयस्क नागरिकले मात्र बैंकबाट ऋण पाउने र बाँकी ऋणका लागि बैंकिङ्ग प्रणाली बाहिर मिटर व्याजी, सुदखोरको दुश्चक्रमा पर्नु पर्ने स्थिति किन ? मिटरव्याजीको दुश्चक्रमा परेकाहरु आत्महत्या गर्न समेत बाध्य भएको सरकारलाई थाहा छैन र ?

**जवाफः**

स्थानीय तह ७५३ मध्ये ७५२ वटामा वाणिज्य वैकहरुको शाखा पुगेको सत्य हो । वझाङको सैपालमा शाखा खोल्ने प्रकृयामा रहेको छ ।

मिटरव्याजी गैह्रकानूनी कार्य भएकोले यसको दुष्चक्रलाई अन्त्य गर्न विभिन्न नीतिगत र प्रकृयागत व्यवस्था भइरहेका छन् । यस्तो कार्य गर्नेलाई कडा कारवाही गर्न सरकार प्रतिवद्ध छ ।

**प्रश्नः १६**

बैदेशिक रोजगारीबाट फिर्ता भएका कतिजना नेपालीले सहुलियत दरको युवा परियोजना कर्जा माग गरेका छन्? तीमध्ये कति जनाले यस्तो कर्जा के कतिले प्राप्त गरे ? बैदेशिक रोजगारीमा गएका नेपाली कुन देशमा कति संख्यामा छन् ?

**जवाफः**

वैदेशिक रोजगारीवाट फिर्ता भएका युवाले कार्यविधिको मापदण्ड अनुसार हालसम्म ९३६ परियोजना कर्जा प्राप्त गरेका छन । थप नयाँ माग हुने क्रममा रहेका छन् ।

**प्रश्नः १७**

नेपालको बैङ्किगं कर्जा कूल ४८ खर्ब रूपैयामध्ये ३० खर्ब रूपैयाँ कर्जा एक सय परिवारको वरिपरिको कब्जामा रहेको जनगुनासो के सत्य हो ? कृषि विकास बैंङ्क टाट पल्टिने अवस्थामा कसरी पुग्यो ? सरकारी स्वामित्व भएका अन्य बैंङ्कको स्थिति के छ ?

**जवाफः**

नेपालको वैकिङ्ग कर्जा सिमित व्यक्तिको रहेको गुनासो सत्य होइन । नेपालको वैंकिङ्ग कर्जामा विविधिकरण रहेको छ । साना उद्यमी व्यापारी देखी ठूला ठूला उद्योग/उद्यम तथा विविध व्यवशायमा

वैकिङ्ग कर्जा प्रवाहित भएको अवस्था छ । यस्तो अवस्थामा ठूला ठुला आयोजना/ उद्यम व्यवशायमा भएको लगानीको अंश वढी देखिनु स्वभाविक हो ।
कृषी विकास वैक टाट पल्टने अवस्थामा पुगेको सत्य होइन । यसको कारोवार राम्रो अवस्थामा छ । सरकारी स्वामित्वमा रहेका वैक नाफामा संचालन भई सरकारलाई लाभांश दिइरहेका छन् ।

**माननीय गृहमन्त्रीसँगः**

**प्रश्नकर्ताः मा. प्रेम सुवाल**

**प्रश्न नं. १८**

सुरक्षा चुनौति बढेको कुनै मुल्यांकन र विश्लेषण नगरी विशिष्ट र पुर्वविशिष्टको नाममा सरकारमा गएका पार्टीका नेताहरुलाई सचिवस्तरीय निर्णय गराई तीन गुणा बढी सुरक्षाकर्मी अर्थात् १८ जना भए पुग्नेमा ५५ जना खटाउने सम्बन्धित अधिकारीहरुबाट भएको अख्तियार दुरुपयोगमा के कस्तो कारवाही हुदैछ ? त्यसरी अख्तियार दुरुपयोग गरेका विशिष्ट र पूर्वविशिष्टहरुको नाम किन सार्वजनिक हुँदैन ?

**जवाफः**

अति शिशिष्ट, विशिष्ट तथा पुर्व विशिष्ट पदाधिकारीहरुको सुरक्षा व्यवस्थापनको लागि नेपाल सरकार मन्त्रिपरिषद्बाट "विशिष्ट व्यक्तिहरुको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७" स्वीकृत भई कार्यान्वयन भइरहेको छ । सो बमोजिम नै सुरक्षा खतरा विश्लेषणको आधारमा सुरक्षाकर्मी परिचालन गरिने गरिएको ।

**प्रश्न नं. १९**

विद्युतीय बैङ्किङ कारोवार र बैङ्क खाता खोल्न समेत सहज गरिँदा डिजिटल ठगी बढेको जनगुनासो सत्य हो ? त्यस्तो ठगी रोक्न सरकारले के कस्तो कार्य सूची बनाउदै छ ?

**जवाफः**

- विद्युतिय माध्यमको दुरुपयोग गरी हुने ठगी लगायतका अपराधहरुको नियन्त्रण, अनुसन्धान गर्न नेपाल प्रहरीको साइबर ब्यूरो गठन भई उक्त ब्यूरोले साइबर सुरक्षा, साइबर अपराध नियन्त्रण तथा अनुसन्धान सम्बन्धी काम गरिरहेको ।

- मोबाईल बैंकिङ सेवाको OTP लिई E-Scammer ले तुरुन्तै पीडितको खाता सहितको सबै System आफ्नो नियन्त्रणमा लिई Payment Gateway (भुक्तानी प्रणाली) हरूमा रकम रकमान्तर गरी सो मार्फत बिभिन्न बैंकहरूमा रकम पठाइ ठग्न सक्ने विषयको ध्यानाकर्षण गराई आफ्नो व्यक्तिगत विवरण, बैकिङ विवरणहरु कसैलाई उपलब्ध नगराउन यस मन्त्रालयबाट सर्वसाधारणलाई सूचित गरिएको ।

-

**प्रश्न नं. २०**

पश्चिम नवलपरासीको सीमा हुँदै भारतबाट मिलोमतोमा तरकारीदेखि कपडासम्म तस्करी भइरहेको, भारतसँग खुल्ला सीमाको कारण आपराधिक गतिविधि बढेको, खाद्यान्न, मोटरपार्टस, हरियो केराउ, विद्युतिय सामग्री, कस्मेटिक सामानसमेत खुला सीमाबाट मिलेमतोमा तस्करी भइरहेको जनगुनासो सत्य हो?

**जवाफः**

अवैध चोरी/निकासी/पैठारी लगायतका सीमावर्ती अपराध नियन्त्रणका लागि सीमा क्षेत्रमा रहेका सुरक्षा निकायहरुबाट समन्वयात्मक रुपमा २४ सै घण्टा प्रहरी अधिकृत खटाई गस्ती, पट्रोलिङ गरी दैनिक अनुगमन तथा चेकजाँच गरी सीमावर्ती अपराध रोकथाम तथा नियन्त्रणको कार्य गरिदै आएको।

**प्रश्न नं. २१**

भारतले नेपालको पश्चिम सीमाको महाकाली नदीको पानीको धार नेपाल तर्फ धकेलेर १० मिटरभन्दा बढी नदी अतिक्रमण गरी ढुङ्गाको पर्खाल लगाएको छ । उक्त पर्खाल तत्काल किन भत्काइएन ? यस बारे कवि अर्जुन पराजुलीले 'काठमाडौंमा शासक पुरुषहरु सिंहदरबार कब्जा गर्न तँछाडमछाड गरिरहँदा पश्चिम नेपालको महाकाली नदी सुरक्षा गर्न नेपाली महिलाहरु गुलेली बोकेर भारतीय अतिक्रमणको विरोधमा लडिरहेको उल्लेख गर्नुभयो । सरकारले नेपाल विरुद्धको भारती बल मिचाई रोक्न किन सकेन ?

**जवाफः**

महाकाली नदीको धार परिवर्तनका विषयमा स्थानीय स्तरमा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहेको द्विदेशीय संयन्त्रमा छलफल गरी आपसी समझदारीका आधारमा समस्या समाधान गर्ने गरिएको ।

**प्रश्न नं. २२**

नेपाली भूमि कालापानी कब्जा गरी बसेका भारतीय सेनालाई नेपाल सरकारले कहिलेदेखि हटाउँदैछ ? नेपाल भूमि लिम्पियाधुरासम्म नेपालको प्रशासन र सुरक्षाकर्मीको उपस्थिति कहिलेदेखि हुँदैछ?

**जवाफः**

उल्लिखित विषय कुटनैतिक तथा दुई देशबीचको आपसी समझदारीका माध्यमबाट हल गर्नुपर्ने ।

**प्रश्न नं. २३**

नेपाल-भारत सीमा विवाद टुंङ्गयाउन सन् १९८० मा संयुक्त प्राविधिक समिति, सन् २०१४ मा नेपाल भारत संयुक्त सीमा आयोग र यसअन्तर्गत 'बाउण्ड्री वर्किङ्ग ग्रुप' गठन गरिएको हो की होइन्? यति धेरै निकाय कार्यरत हुँदा समेत नेपालको पूर्व दक्षिण, पश्चिम जिल्लाका ६६८ ठाउँमा भारतबाट सीमाना अतिक्रमण कसरी भयो ? नेपाल-भारत सीमा विवाद समाधान नहुनुमा दोष कस्को हो ? के आजसम्मका

नेपालका प्रमहरुसँग भारत अतिक्रमित नेपाली भूमि फिर्ता गरी नेपाल-भारत सीमा समस्या समाधान गर्ने आँट नभएको हो र स्या समाधान गर्ने आँट नभएको ?

**जवाफः**

सीमा विवाद तथा सोको समाधनका लागि संयुक्त रुपमा गठन तथा क्रियाशिल संयन्त्रहरुबाट काम भइरहेको। उल्लिखित विषय कुटनैतिक तथा दुई देशबीचको आपसी समझदारीका माध्यमबाट हल गर्नुपर्ने ।

## प्रश्न नं. २४

माओवादी सशस्त्र द्वन्द्वको बेला भारतसँगको खुला सीमानामा नेपाली सुरक्षाकर्मी बस्ने चौकी किन हटाइयो ? सीमानामा नेपालको सुरक्षा चौकी हटाइएपछि भारतलाई नेपालको सीमा अतिक्रमण गर्न सहज भएको सत्य हो की होइन ?

**जवाफः**

- माओबादी सशस्त्र द्वन्द्वको समयमा अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा रहेका प्रहरी युनिटहरू मध्ये तत्कालीन सुरक्षा संवेदनशीलताको कारणले अधिकांश प्रहरी युनिटहरू विस्थापित भएकोमा बृहत शान्ति सम्झौता पश्चात् पुनः स्थापित भई हाल सूचारु रुपमा सञ्चालनमा रहेका छन् ।

- सशस्त्र प्रहरी बल, नेपाल सीमा क्षेत्रमा सुरक्षार्थ परिचालन भई हालसम्म नेपाल-भारत अन्तर्राष्ट्रिय सीमा ईलाकामा २२० वटा बोर्डर आउट पोष्ट स्थापना गरी सीमा सुरक्षा, अन्तर सीमा अपराध नियन्त्रण, राजस्व चुहावट नियन्त्रण, अवैध बस्तुको चोरी निकासी/पैठारी नियन्त्रण, मानव बेचविखन नियन्त्रण कार्य भइरहेको छ ।

## माननीय परराष्ट्र मन्त्रीसँगः

## प्रश्नकर्ताः मा. प्रेम सुवाल

## प्रश्न नं. २५

युरोप तथा अरिकामा पुग्न सहज हुने गरी दाबी गरी मानव माफियाहरुले नेपाली युवाहरुलाई पर्यटक भिषामा भारतको नयाँ दिल्ली, मुम्बईलगायत शहरबाट युएई, कतार, तान्जानिया, मोजाम्बिक, केन्या, मौरिसस, रुवाण्डा, कङ्गो हुँदै निकै कठिन र जोखिमपूर्ण यात्रा पार गराई दक्षिण अफ्रिका पुर्याउने र त्यसवापत करौडौं रुपैंया ठगी गर्ने काम रोक्न सरकारलाई कसले रोकेको छ र ?

**जवाफः**

मानव बेचबिखन जस्ता गैरकानुनी कार्यमा संलग्न अपराधिक समूह, व्यक्तिहरुलाई कानुनी कारवाही गर्ने र यस्ता कार्यलाई निरुत्साहन गर्ने सम्बन्धमा नेपाल सरकार एवं मित्रराष्ट्रका सम्बन्धित निकायहरु, ईन्टरपोल लगायतसँग कुटनीतिक माध्यमबाट निरन्तर समन्वय एवं सहकार्य भइरहेको छ।

मानव बेचबिखन लगायत विभिन्न कारणले विदेशमा अलपत्र/समस्यामा परेका नेपालीहरुको तत्काल राहत, उद्वार एवं सुरक्षित तवरले नेपाल फिर्तीका लागि विदेशस्थित नेपाली नियोगहरुबाट कन्सुलर संरक्षण र सहयोग पुर्याइएको छ।
त्यसै गरी, मानव बेचबिखन लगायत विभिन्न कारणले विदेशमा अलपत्र पार्ने तथा गैरकानुनी रुपमा पठाउने व्यक्ति वा संस्थालाई आवश्यक कानूनी कारवाहीका लागि कानून कार्यान्वयन गर्ने निकायहरु श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्राय र गृह मन्त्रालयसँग समन्वय गरिएको छ।

**प्रश्न नं. २६**

विद्युतीय राहदानी लिने दैनिक १० औं हजारौंका युवाहरूलाई आवश्यक सीप, तालिम दिएर स्वदेशमै रोजगारी दिने कार्यक्रम किन बनाईंदैन? तत्कालिन बेलायती भारतलेः राणा प्रधानमन्त्रीहरूलाई गोर्खा भर्तीमा नेपाली युवा लगेजस्तै लाखौं पाउण्ड कमिशन दिएर अहिले वैदेशिक रोजगारी वापत नेपालका प्रम र मन्त्रीहरूलाई कमिशन प्राप्त भइरहेको हो र ?

**जवाफः**

यो प्रश्नको जवाफ श्री श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग सम्बन्धित रहेको।

**प्रश्न नं. २७**

अमेरिकी अधिकारीहरुको भारतमा भएको भ्रमणमा अमेरिकी नेतृत्वको सैन्य गठबन्धन, हिन्द-प्रशान्त रणनीतिअनुसार हिन्द-प्रशान्त कमाण्ड, सेन्ट्रल कमाण्ड र अफ्रिकी कमाण्डबीच साझेदारी बढाउने सहमति गरिएकोबारे नेपाल सरकार के कति जानकार छ? देशघाती एमसीसी सम्झौता खारेज गर्न किन विलम्ब भइरहेको छ?

**जवाफः**

विश्वमा विकास भइरहेका घटनाक्रमहरु बारे परराष्ट्र मन्त्रालय जानकार छ। नेपाल र संयुक्त राज्य अमेरिका बिच सम्पन्न भएको मिलेनियम च्यालेन्ज कम्प्याक्ट (MCC) सम्मानित संसदबाट मिति २०७८।११।१५ मा अनुमोदन भई कार्यन्वयनको प्रकृया शुरु भएको छ।

**प्रश्न नं. २८**

विश्वको साझा हित हेर्ने चीनको अगुवाई'बीआरआई' परियोजना अगाडि बढाउन नेपाल सरकारले के कस्तो तयारी गर्दै छ?

**जवाफः**

मिति २०७४/०१/२९(तदनुसार १२ मे २०१७) मा नेपाल र चीन सरकार बीच 'बीआरआई' सम्बन्धी समझदारीमा हस्ताक्षर भएको। उक्त समझदारीलाई अगाडि बढाउन "बीआरआई कार्यान्वयन योजना" (BRI Implementation Plan) मा दुवै सरकारका सम्बन्धित निकायबीच द्विपक्षीय वार्ता र छलफल जारी

रहेको छ। यसै सिलसिलामा, गत मार्च २०२२ मा चीनका स्टेट काउन्सिलर तथा परराष्ट्र मन्त्री महामहिम Wang Yi को नेपाल भ्रमणका अवसरमा नेपाल र चीन सरकारबीच बीआरआईको बृहत्तर रुपरेखा (Overall Framework) अन्तर्गत खास गरी दुईवटा सम्झौताहरु- सिमापार रेलवेको विस्तृत अध्ययन (Feasibility Study of Cross Border Railway) र नेपाल-चीन विद्युत प्रसारण लाईनको विस्तृत अध्ययन (Feasibility Study of Power Grid Interconnection) सम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ। उक्त सम्झौता मुताबिक सीमापार रेलवेको विस्तृत अध्ययनको लागि चिनीया विज्ञको टोली नेपाल आईसकेको र त्यसको विस्तृत अध्ययन भईरहेको छ।

**प्रश्न नं. २९**

नेपाल-भारत सीमा विवाद टुङ्ग्याउन सन् १९८० मा संयुक्त प्राविधिक समिति, सन् २०१४ मा नेपाल-भारत संयुक्त सीमा आयोग र यस अन्तर्गत वाउन्ड्रि वर्किङ्ग ग्रुप गठन गरिएको हो कि होइन? नेपालको पूर्व, दक्षिण र पश्चिमतर्फ भारतसँगको खुला सिमानाको ६६८ ठाउँमा भइरहेको भारत अतिक्रमित नेपाली भूमि कहिले फिर्ता हुन्छ? नेपाल-भारत सीमा विवाद समाधान नहुनुमा दोषी को-को हुन्?

**जवाफः**

सन् १९८१ को फेब्रुअरीमा नेपाल-भारत संयुक्त प्राविधिक समिति (Joint Technical Committee, JTC) गठन भई उक्त समितिबाट नेपाल-भारत सीमा सम्बन्धी कार्य प्रारम्भ भएको । सो समितिले सन् १९८१ देखि २००७ सम्ममा सुस्ता र कालापानी क्षेत्र बाहेक नेपाल-भारत सीमा क्षेत्रको बैज्ञानिक प्रविधिबाट १८२ थान स्ट्रिप नक्सा तयार गर्ने कार्य सम्पन्न गरी समितिको कार्यविधि समाप्त भएको।

सन् १८१६ को सुगौली सन्धिको धारा ५ अनुसार महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भू-भाग हो भन्ने तथ्यमा नेपाल सरकार स्पष्ट र दृढ रहेको। सो भू-भाग फिर्ता गर्ने सम्बन्धमा कूटनीतिक माध्यमबाट निरन्तर पहल भई रहेको अवस्था छ।

गत १-३ अप्रिल २०२२ मा सम्माननीय प्रधानमन्त्रीले गर्नुभएको भारतको औपचारिक भ्रमणका क्रममा द्विपक्षीय संयन्त्रमार्फत सीमा सम्बन्धी विषय सम्बोधन गर्न आग्रह गरिएको।

नेपाल र भारतका परराष्ट्र मन्त्रीहरुको संयन्त्र (Nepal-India Joint Commission) को छैठौं बैठक १५ जनवरी २०२१ मा भारतको नयाँ दिल्लीमा सम्पन्न भएको।उक्त बैठकमा दुबै तर्फबाट नेपाल-भारत सीमाको Strip map तयार गर्न बाँकी खण्ड (Remaining Segments) सम्बन्धी कार्य चाँडै टुङ्ग्याउने बारेमा छलफल भएको।

नेपाल-भारत सीमा सम्बन्धी Boundary Working Group (BWG) को छैठौं बैठक २८-२९ अगष्ट २०१९ मा भारतको देहरादुनमा सम्पन्न भएको। सातौं बैठकका लागि नेपालको तर्फबाट भारतीय पक्षलाई मिति प्रस्ताव पठाइएको।

**माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीसँग**

**प्रश्नकर्ता : मा. प्रेम सुवाल**

**प्रश्न:** ३०

वर्तमान सरकारको पुस ११ को निर्णयअनुसार पुस २४ गतेदेखि जनकपुर र विराटनगरबाट श्रम स्वीकृति सुरु गरियो भने सुर्खेत र धनगढीबाट छिट्टै सुरु हुँदैछ । युवालाई वैदेशिक रोजगारीको नाममा बहुराष्ट्रिय कम्पनीको सस्तो ज्यामी बन्न पठाएर प्राप्त रेमिटान्सले भारतबाट दाल, चामल, तरकारी किन्नुभन्दा कृषि लगायत क्षेत्रमा देशभित्रै रोजगारी दिने काम सरकारले किन गर्दैन?

**जवाफः**

नेपाली उत्पादन र उपभोगलाई प्रवर्द्धन र अभियानका रुपमा सञ्चालन गर्न प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम कार्यान्वयन निर्देशिका स्वीकृत गरी कार्यान्वयन गर्ने चरणमा रहेको छ, यसबाट स्थानीय स्तरमै उपलब्ध कच्चा पदार्थको उपयोग मार्फत उद्यमशीलता विकास र रोजगारी सिर्जना हुने अपेक्षा रहेको छ ।

नवप्रवर्द्धन र उद्यमशीलताको विकास गर्न राष्ट्रिय स्टार्ट-अप उद्यम नीति, २०७९ तथा स्टार्ट-अप उद्यम कर्जा प्रवाह कार्यविधि, २०७९ स्वीकृत हुने चरणमा रहेको छ ।

गरिवी निवारणको लागि लघु उद्यम प्रवर्द्धन कार्यक्रम ७५३ वटै स्थानीय तहमा विस्तार गरी उद्यमशीलता विकास र रोजगारी सिर्जनाको कार्य भैरहेको छ ।

औद्योगिक व्यवसाय विकास प्रतिष्ठान मार्फत चिया कृषकहरुका लागि Pruning and Skiffing सम्बन्धि तालिम (२,४२९ जना) र Plucking and Tipping सम्बन्धि तालिम (१,१८८ जना) सम्पन्न गरिएको छ ।
व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र मार्फत निर्यातयोग्य तथा स्थानीय कच्चापदार्थमा आधारित सीप विकास तथा प्रविधि हस्तान्तरण सम्बन्धी तालिम ४३० जनालाई सम्पन्न भएको छ ।

समृद्धि आयोजनाबाट १३,३८५ जनालाई कृषि लगायतका क्षेत्रसँग सम्बन्धित रहेर उद्यमशीलता विकास सम्बन्धी तालिम संचालनको तयारी पुरा भएको र १,६५९ जनाले औद्योगिक प्रशिक्षण तालिम लिइरहेको अवस्था छ ।

**प्रश्ननं.३१**

चीनको सहयोगमा नेपालमा वि.सं. २०२२ साल जेठ २० गते स्थापना भएको बाँसबारी छाला जुत्ता कारखाना २०४६ सालपछि सरकारहरुले निकै सस्तोमा विक्री निजीकरण गरेपछि भारतसँगको खुला सीमाको कारण विदेशबाट जुत्ता चप्पलको चोरी पैठारी बढेको, विदेशी जुत्ता आयातमा भन्सार कर कम लगाइँदा नेपाली जुत्ता कम्पनी ओरालो लागेको र जुत्ता चप्पल निर्माण गर्न दक्ष जनशक्ति समेत अभाव भएको समाधान गर्न सरकारले के कस्तो कार्यक्रम बनाएको छ ?

**जवाफः**

उद्योगहरुमा हुने दक्ष जनशक्तिको न्यूनता पुर्तिका लागि कार्यस्थलमा आधारित रोजगारमूलक तालिम कार्यक्रमको शुरुवात गरी चालु आवमा हालसम्म ४ वटा उद्योगमा २८३ जनालाई तालिम प्रदान गरिएको छ ।

दक्षिणकाली नगरपालिकालाई सो क्षेत्रमा फुटवयर जोन स्थापनाका लागि मन्त्रालयबाट आर्थिक वर्ष २०७४/७५ मा आर्थिक सहयोग उपलब्ध गराइएको थियो र सो कार्यका सम्बन्धमा मन्त्रालयले नगरपालिका तथा फुटवयर जोनमा आवद्ध हुने व्यवसायी/उद्यमीसँग निरन्तर समन्वय गरिरहेको छ ।

सार्वजनिक खरिद नियमावलीको नियम १७ मा नेपालमा उत्पादित मालसामान खरिद गर्नुपर्ने र विदेशी मालसामान भन्दा नेपालमा उत्पादित मालसामान पन्ध्र प्रतिशतसम्म महँगो भए तापनि नेपाली मालसामान नै खरिद गर्नुपर्ने व्यवस्था कार्यान्वयन हुनुले स्वदेशी उद्योगको प्रवर्द्धनमा टेवा पुगेको छ ।

नेपाल व्यापार एकीकृत रणनीतिले औद्योगिक उत्पादनतर्फ छाला तथा जुत्ता र सेवा क्षेत्रतर्फ दक्ष र अर्धदक्ष जनशक्ति उत्पादनका क्षेत्रलाई मुख्य प्राथमिकतामा राखेको छ ।

नेपालबाट क्यानडा, जापान, अमेरिका, इटाली लगायतका २० भन्दा बढि देशहरुमा नेपाली छालाका सामानहरु निर्यात भैरहेको छ ।

नोभेम्वर १४ देखि २७, २०२२ मा भारतको राजधानी नयाँ दिल्लीमा आयोजना भएको India International Trade Fair २०२१ मा सहभागि भई नेपाली निकासीयोग्य वस्तुहरुको प्रदर्शनी गरिएको र सोबाट निर्यात प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

## प्रश्न नं. ३२

सरकार र राष्ट्र बैंकले चालु आवमा मूल्यवृद्धि वा मुद्रास्फिति ७ प्रतिशतको सीमाभित्र राख्ने लक्ष्य राखेको हो या होइन ? गएको कार्तिक महिनामा मूल्यवृद्धि ८.८ प्रतिशत पुगेको सत्य हो ? मूल्यवृद्धि अहिलेको कति छ? देशको अर्थतन्त्र ओरालो लाग्ने यो अवस्थाको दोषी को को हुन् ?

**जवाफः**

नेपाल सरकारले आर्थिक वर्ष २०७८/७९ मा मुद्रास्फिति ७ प्रतिशतको सीमाभित्र राख्ने लक्ष्य रहेकोमा कार्तिक महिनामा उपभोक्ता मुद्रास्फिति ८.०८ प्रतिशत पुगेको भएतापनि पौष महिनाको अन्त्यमा उक्त दर ७.२६ प्रतिशतमा झरेको छ । मुद्रास्फितिलाई ७ प्रतिशतको सीमा भित्र राख्न सरकार प्रयत्नशील रहेको छ ।

विगत ६ महिनामा आयात गरिएको चामलमा भन्सार विन्दुसम्म आईपुग्दाको लागत मूल्य नै वासमती चामलमा करिव २१ प्रतिशत र अन्य चामलमा करिव ३४ प्रतिशत बृद्धि भएको ।

भारतले गहुँ निर्यातमा परिमाणात्मक बन्देज लगाएको अवस्थामा वजारको आवश्यकता अनुरुप गहुँ आपूर्तिमा कठिनाई भई मूल्य वृद्धि अधिक भएको ।

इन्धनको अन्तराष्ट्रिय वजार मूल्यमा भएको वृद्धिसँगै आयातित इन्धनको बजार मूल्य बढ्न जाँदा ढुवानी लागत बढेको ।

**मा.उर्जा जलस्रोत तथा सिंचाई मन्त्रीसँग**

**प्रश्नकर्ता : मा. प्रेम सुवाल**
**प्रश्न नं. ३३**

मुल्य पेट्रोलको बढाउने कि बिजुलीको ? बिजुली सस्तो बनाईए घर घरमा बिजुलीबाट खाना पाक्छ र सवारी साधन पनि विद्युतीय बढने छ | यस कारण बिजुली सस्तो बनाउनु व्यावहारिक हुनेछ |प्रमले पनि निर्देशन दिनु जरुरी छ |

**जवाफः**

विद्युत उपभोग बढाउन र जनतालाई सहजताका साथ बिजुली प्रयोग गर्ने हेतुले ग्राहस्थ वर्गका २० युनिट (५ एम्पियर) सम्म खपत गर्ने उपभोक्ताको ईनर्जी शुल्क निशुल्क गरिएको छ ।सिंचाईको ग्राहकलाई रातिको समयमा प्रयोग गर्दा रु २ प्रति युनिट र अन्य समयमा पनि ४५ प्रतिशत न्यून महशुल दर कायम गरिएको छ ।खानेपानी उपभोक्तालाई डिमाण्ड शुल्क नलाग्ने र ईनर्जी शुल्क रु ४।१० प्रति युनिट मात्र कायम गरिएको छ ।चार्जिङ्ग स्टेशनबाट चार्ज गर्ने ग्राहकको लागि रातको समयमा रु ५।०५ कायम गरिएको छ।समस्तमा ग्राहस्थ ग्राहकको बिगत ६ बर्ष अगाडिको महशुल भन्दा २० देखि २५ प्रतिशतले कम भएको छ ।बजेट वक्तव्यमा एल.पी ग्यास छोडौ, बिजुली जोडौ भन्ने अभियान संचालन गर्ने रणनीति उल्लेख गरिएको छ | विद्युतीय सवारी साधनको लागि आवश्यक चार्गिङ्ग स्टेशन ने.वि.प्रा.को तर्फबाट करीब ५० वटा र नीजि क्षेत्रबाट समेत विस्तार भैरहेको छ । एल.पी ग्याँसमा प्रदान हुदै आएको अनुदान क्रमसः कटौती गरि विद्युत उपयोगमा अनुदान प्रदान गर्ने नीति लिइएको छ|

**प्रश्न नं.३४**

विद्युत लाइन भूमिगत गर्ने योजनामा के कति काम हुदैछ ? ती योजना अति सुस्त हुनाको कारण के होला ?

**जवाफः**

**काठमाडौं उपत्यका मध्य तथा उत्तर वितरण प्रणाली सूद्धिढीकरण आयोजना**

हालसम्म महाराजगंज सवस्टेशन अन्तर्गत बुढानिलकण्ठ, चपली, गोल्फुटार, हात्तीगौंडा, महाराजगंज लागयतका विभिन्न स्थानमा भुमिगत कार्य भैरहेको छ । वितरण प्रणाली भुमिगत गर्ने तथा सुदृढीकरण गर्ने क्रममा ६५०.९ कि.मि. पाईप बिछाउने कार्य र ४५७.१ कि.मि. तार बिछाउने कार्य सम्पन्न भईसकेको छ । महाराजगंज, पानीपोखरी र गोल्फुटार, मण्डीखाटार, बालुवाटार आसपासका सडकमा Road

Restoration (सडक पुर्ननिर्माण ) को कार्य भईरहेको, बुढानिलकण्ढ र पानीपोखरीको सडकखण्डमा Road Restoration (सडक पुर्ननिर्माण) भई सडक विभागलाई तथा विभिन्न आन्तरिक सडकहरु काठमाडौं महानगरपालिका तथा बुढानिलकण्ठ नगरपालिका लाई हस्तान्तरण भईसकेको छ ।

**काठमाडौं उपत्यका पुर्व तथा दक्षिण वितरण वितरण प्रणाली सुद्धिढिकरण आयोजना**

चुच्चेपाटी चावहिल र मित्रपार्क, लैनचौर, लाजिम्पाट,धोबिखोला कोरिडोर क्षेत्रमा भुमिगत गर्ने कार्य सम्पन्न भईसकेको छ । नयाँ बजार,सामाखुशी, महांकाल, टेकु,त्रिपुरेश्वर,ठमेल क्षेत्रमा भुमिगत कार्य चालु अवस्थामा रहेको छ । अन्य क्षेत्रमा सडक खन्न अनुमतिको लागि सडक विभागसँग आवश्यक समन्वय भईरहेको छ । हाल सम्म ४०० कि.मि को पाईप बिछाउने कार्य तार बिछाउने कार्य सम्पन्न भएको छ ।

भक्तपुर र ललितपुरमा भूमिगत विद्युत लाईन कार्य शुरु गरिएको छ ।

भरतपुर र पोखरामा विद्युत लाइन भुमिगत गर्ने कार्य हाल शुरुवाति चरणमा रहेको छ ।

**सुस्त हुनाको कारणः**

- कोभीड महामारीको कारणले आयोजनाको शुरुवातमा ढिलाइ भएको।
- सडक विभागसँग समन्वय गरी आयोजना अघि बढाउदाँ प्रक्रियामा समय लाग्ने गरेको।

**प्रश्न नं. ३५**

चिनियाँ कम्पनी सिनो हाइड्रोले ठेक्का पाएको र नेपालको २० लाख कित्ता भन्दा बढी सेयर भएको माथिल्लो तामाकोशीको ४५६ मेगावाट जलविद्युत नेपाल विद्युत प्राधिकरणले किन्न आनाकानी गरेको सो जलविद्युत भारतलाई नै बेच्ने सरकारी तयारी हो? नेपालीलाई सस्तोमा बिजुली नदिई गत बर्ष ३८६ मेगावाट बिजुली भारतलाई सस्तोमा किन बेचियो?

**जवाफः**

ने.वि.प्रा.ले अपर तामाकोशी हाईड्रोपावर कम्पनिसँग सम्पन्न भएको बिद्युत खरीद बिक्री सम्झौता अनुसार माथिल्लो तामाकोशी जलविद्युत आयोजनाबाट उत्पादित् विद्युत खरीद् गर्दै आएको छ । उक्त आयोजनाबाट देश भित्रै उत्पादित बिद्युत उर्जा खपत भैरहेको छ ।ने.वि.प्रा.ले देश भित्र खपत पश्चात बढी भएको अतिरिक्त उर्जा मात्र Indian Energy Exchange को डे अहेड बजार मार्फत् भारतमा औसत भा.रु. ५।२३ प्रति युनिट दरमा उर्जा निर्यात गरेको हुँदा नेपालीलाई सस्तोमा बिजुली नदिई भारतलाई सस्तोमा बिजुली बेचियो भन्ने कुरा सत्य होईन ।

**प्रश्न नं ३६**

नेपालीलाई खाना पकाउन सस्तोमा दिनु पर्ने जलविद्युत भारतलाई किन सस्तोमा बेचिदै छ ? नेपालले भारत सँग महंगोमा बिजुली किन खरिद गरिदैछ ?

**जवाफः**

खाना पकाउने लगायत अन्य उपभोगका लागि ग्राहस्थ वर्गमा लाग्ने गरेको महशूल दर क्रमशः घटाएर लागु गरिएको छ । विगत ६ बर्षको तुलनामा ग्राहस्थ वर्गमा लाग्ने महशूलको दर २० देखि २५ % भन्दा न्यून भएको छ ।ग्राहस्थ वर्गका २० युनिट (५ एम्पियर) सम्म खपट गर्ने उपभोक्ताको ईनर्जी शुल्क निशुल्क गरिएको छ ।ग्राहस्थ वर्गमा थ्री फेज भोल्टेजका उपभोक्ता वर्गलाई मौसमी महशूल दर कार्यान्वयन गरी वर्षा याममा छुट दिईएको छ ।नेपालको राष्ट्रिय प्रणालीमा नदी प्रवाह (ROR) जल विद्युत आयोजनाहरुको बाहुल्यताले गर्दा सुख्खा मौसममा नपुग विद्युत भारतबाट आयात तथा वर्षा याममा देशभित्रको खपत पश्चात जगेडा विद्युत भारतमा निर्यात गर्नुपरेको अवस्था छ । ने.वि.प्रा.ले भारतसँग विद्युत आयात र निर्यात दरमा प्रतिस्पर्धात्मक Indian Energy Exchange को डे अहेड बजार मार्फत् गर्ने गरेको हुँदा भारतबाट महँगोमा बिजुली खरीद गर्ने र सस्तोमा बेच्ने गरेको भन्ने कुरा तथ्यसंगत छैन ।

## माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रीसँग

### प्रश्नकर्ता : मा. प्रेम सुवाल

### प्रश्न नं. ३७

काठमाण्डौको थँबही (ठमेल) को ५७-१४-३-२ रोपनी क्षेत्रफलमा फैलिएको सार्वजनिक कमलपोखरी र जग्गा नेपाल सरकारको २०४४ कात्तिक २३ गतेको निर्णयानुसार केही व्यक्तिको नाउँमा दर्ता गराई छाँया कम्प्लेक्स व्यापारिक भवन बनाउन दिने सरकारी अधिकारीहरुलाई कार्वाही किन हुदैन? कमलपोखरीमा बनेको सो भवन सरकारकै एक सांसदलाई उदघाटन गराउन सरकारबाट प्रहरी प्रशासनको व्यवस्था किन गऱ्यो? बालुवाटारको ललिता निवासको सरकरी जग्गा निजीको नाममा दर्ता गरेका अधिकारीहरुविरुद्ध कार्वाही किन गरिएन?

**जवाफः**

यस सम्बन्धमा आधिकारीक निकायबाट छानविन भईरहेको व्यहोरा अनुरोध छ।

### प्रश्न नं. ३८

भारतले नेपाली भूमि कालापानी कब्जा गरी बसेका भारतीय सेनालाई कहिलेदेखि हटाउदैछ? नेपाली भूमि लिम्पियाधुरासम्म नेपालको प्रशासन र सुरक्षाकर्मीको उपस्थिति गराउन विलम्ब भएको छैन र?

**जवाफः**

सम्बन्धित निकायबाट उक्त विषयमा विवरण पेश हुने व्यहोरा अनुरोध छ ।

### प्रश्न नं.३९

सशस्त्र द्वन्द्वको बेला माओवादीको डर देखाई नेपाली अधिकारीहरु भारतर्फ बसेर नेपाल-भारत सीमा (स्ट्रिप) नक्सा तयार गरेको र सो नक्सानुसार नेपालीसँग लालपूर्जा भएको लाखौं विघा जमिन र

संरचनासमेत भारततर्फ परेको के सत्य हो? यस्ता स्ट्रीप नक्साहरु खारेज गरी नेपालको सीमा अतिक्रमण नहुने गरी स्ट्रीप नक्सा बनाउनु जरुरी छैन र ?

**जवाफः**

नेपाल भारत सीमानामा स्ट्रीप नक्सा बनाउदा मुख्य रुपमा नेपाल भारत सुगौली सन्धी र तत् पश्चात निर्माण भएका आधिकारिक र दुबै देशले मान्यता दिएका नक्साहरुका आधारमा सीमा निर्धारण गरी स्ट्रीप म्याप तयार गरिएका हुन। दुबै तर्फ नदी सीमाना कायम भएको स्थानमा मिति २०४५/८/२२ को मन्त्रिपरिषदको निर्णयानुसार Fixed Boundary Prinicple अनुसार सीमाना यकिन गरि सोही अनुसार स्ट्रिप नक्सा तयार भएका हुन। सुगौली सन्धी र तत् पश्चातका समय समयमा बनाएका दुबै देशले मान्यता दिएका नक्साहरुका आधारमा सीमा यकिन गर्दा त्यो समयमा बगेको खोलाको स्थान र हाल बगेको खोलाको स्थान परिवर्तन भएका कारण साथै समय समयमा खोलाको धारको परिवर्तनका कारण एक देशमा हकभोग गरेको जग्गा खोला परिवर्तन हुँदा खोलाको अर्को किनारामा पर्न गएको अवस्था छ। तर उल्लेखित सिद्धान्तको जानकारी नभएको कारण हाल बगेको खोलालाई मात्र सीमाको आधार मान्दा दुविधा उत्पन्न भई फिल्डमा विवाद देखा परेपछी Joint Technicla Committee (JTC) को २५ औ बैठकबाट यस्तो विबादलाई यथास्थितिमा राखी यसको कुटनैतिक तथा राजनीतिक समाधान खोज्ने सहमती भएको व्यहोरा अनुरोध छ। सन २०१४ December 30-31 को Boundary Working Group (BWG) को बैठकबाट सीमा सम्बन्धी प्राविधिक कार्य अगाडी बढी रहेको छ। सैद्धान्तिक तहमा तयार भैसकेका स्ट्रीप नक्साहरुमा कुनै विबाद नभएको तर फिल्डमा नदी सीमाना कायम भएकोमा नदीको धार परिवर्तनका कारण भोग गरिरहेको क्षेत्रमा अन्तर्राष्ट्रिय सिमाको विषयमा समान बुझाइ हुन नसकेको कारण कुटनैतिक एवं राजनीतिक रुपमा सम्बोधन हुन उपयुक्त हुने व्यहोरा अनुरोध छ।

**प्रश्न नं ४०**

नेपाली भूमि छाङ्गरु गुन्जी, कुटी र नाभीमा अझै नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नपुगेको किन होला? गुन्जी, कुटी, नाभी पहिलेदेखि नेपालकै भएको अहिले भारतले दाबी गर्दा नेपाल सरकार निरिह भएको त्यहाँका बासिन्दाहरु बताउँछन्। सरकारी नेता र अधिकारीहरु नेपाली भूमि भारत अतिक्रमणको विरोध गर्छन, हेलिकप्टरमा हेर्न आउँछन, जान्छन, पैदल आएको भए आफ्नो भूमि र हाम्रा दुःख थाहा पाउने थिए भनी त्यहाँका बासिन्दा गुनासो गर्छन । भारत अतिक्रमित नेपाली भूमिमा सरकारी टोलीको पैदल अध्ययन भ्रमणको योजना कहिले बन्ने होला?

**जवाफः**

सम्बन्धित निकायबाट विवरण पेश हुने व्यहोरा अनुरोध छ।

**माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्रीसँग**
**प्रश्नकर्ता : मा. प्रेम सुवाल**

**प्रश्न नं ४१ :-**

आउने जेठ महिनासम्म सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट राख्नुपर्ने सरकारी निर्देशन कार्यान्वयन होला र? के इम्बोस्ड नम्बर वितरण पछि काठमाण्डौंलगायत देशका मुख्य शहरमा ट्राफिक जाम अन्त्य हुने हो ?

**जवाफः**

मिति २०७८।०७।२२ मा प्रकाशित सूचना अनुसार बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूर पश्चिम प्रदेशका यातायात व्यवस्था कार्यालयहरुमा दर्ता भएका सवारीहरुमा मिति २०७८ मंसिर १ देखि इम्बोस्ड नम्बर प्लेट जडान अनिवार्य गरिएकोमा हाल बागमती, गण्डकी र लुम्बिनी प्रदेशबाट इम्बोस्ड नम्बर प्लेट जडानको कार्य भइरहेको छ। २०७९ पौष सम्ममा **३५०००** सवारीमा इम्बोस्ड नम्बर प्लेट जडानको कार्य सम्पन्न भइसकेको छ । कर्णाली,सुदूर पश्चिम , मधेश र प्रदेश १ मा २०७९ फागुन देखि प्लेट जडान गर्ने योजना रहेको छ।

आगामी जेष्ठ महिना सम्ममा सबै सवारीमा इम्बोस्ड प्लेट जडानको कार्य सम्पन्न हुन सक्ने अवस्था रहेको छैन। इम्बोस्ड प्लेटको उत्पादन तथा आपूर्ति भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको यातायत व्यवस्था विभागबाट हुने भए तापनि प्लेट जडानको कार्य प्रदेश मातहतका कार्यालयहरुबाट हुने हुँदा संघ र प्रदेश सरकारबीच प्रभावकारी र नतिजामुलक समन्वय तथा सहकार्य हुन सकेको खण्डमा मात्र अपेक्षित उपलब्धी हासिल हुन सक्ने अवस्था रहेको छ यस कार्यको लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय निरन्तर क्रियाशील रहेको छ।

इम्बोस्ड प्लेट जडानबाट मात्र सवारी जाम नियन्त्रण हुन सक्दैन । ट्राफिक वत्तिको संजाल, सडक प्रयोगकर्ताहरूमा ट्राफिक नियम पालना प्रति सजगता, पार्किङ व्यवस्थापन र सडक पूर्वाधारमा सुधार गरेर मात्र ट्राफिक जामको समस्या समाधान गर्न सकिन्छ । इम्बोस्ड नम्बर प्लेट जोडिएका सवारीहरुमा रहने RFID ट्यागको माध्यमबाट सवारीहरुको विद्युतीय अनुगमन गर्न सकिने अवस्था छ ।

**प्रश्न नं. ४२ :-**

देशको सन्तुलित विकास गर्ने सरकारी कार्यसुची नभएको हुँदा अबको २०/३० वर्षमा काठमाण्डौं लगायत देशको मुख्य शहरको कृषियोग्य जमिनक कङ्क्रिटको जङ्गलमा परिणत हुने जनतामा चिन्ता छ। यसकारण आवश्यक सडक, विद्यालय, कलेज, अस्पताल,मनोरञ्जन पार्क लगायत प्रत्येक निर्वाचन क्षेत्रहरुमा निर्माण गरी ती क्षेत्रका सांसद, मन्त्री, जनप्रतिनिधि,कर्मचारी र उद्योग व्यापारीलाई सोही स्थानमा बसोबास गराउने योजना किन नबनेको हो? संघीय राजधानी काठमाण्डौं उपत्यका फोक्सो, क्यान्सर, हृदयघात, किड्नीलगायतका रोगको खानी भईरहेको सरकारलाई थाहा छैन र ?

**जवाफः**

प्रत्येक निर्वाचन क्षेत्रमा निर्वाचन क्षेत्र रणनैतिक सडक कार्यक्रम अन्तर्गत १/१ वटा सडक निर्माणाधीन रहेका छन् । निर्माण भएका रास्ट्रिय राजमार्गहरूको आवश्यक मर्मत/सम्भार गर्दै संचालनमा ल्याउने कार्य चालु नै रहेको छ, उपलब्ध स्रोत साधनहरुले सम्भव भएसम्म राजमार्गहरुको निर्माण तथा स्तरोन्नति

गरी क्षेत्रीय तथा भौगोलिक रुपमा सन्तुलित विकासका कार्यक्रमहरु अगाडि बढाईएको छ। साथसाथै सरकारका अन्य निकायसँगको समन्वय र सहकार्यमा व्यवस्थित बसोबासका कार्यहरु अघि बढाउन तथा वातावरणीय स्वच्छता कायम गर्न/ गराउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सदैब तत्पर रहेको छ।

**माननीय वन तथा वातावरण मन्त्रीसँग**

**प्रश्नकर्ता : मा. प्रेम सुवाल**

**प्रश्न नं ४३**

हरेक वर्ष जाडो मौसम शुरु भएसंगै काठमाण्डौ उपत्यकामा वायु प्रदुषण बढ्छ। बढ्दो प्रदुषण नियन्त्रण गर्न र जनतालाई प्रदुषणबाट बचाँउन सरकारले के कस्तो कार्यसुची बनाएको छ।

**जवाफः**

नेपालको संविधान बमोजिम प्रत्येक नेपालीको स्वस्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक प्रत्याभूत गर्न नेपाल सरकारले आवश्यक नीति, कानून र कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। नेपालमा वातावरण संरक्षण तथा व्यवस्थापनका लागि नेपाल सरकारले राष्ट्रिय वातावरण नीति २०७६ बनाई लागु भएको छ । यसैगरी वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७ लागु भएको अवस्था छ । राष्ट्रिय आवस्यकता र अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप वातावरण संरक्षण सम्बन्धी नीतिगत, कानुनी, संरचनागत र कार्यक्रमगत व्यवस्थाहरु मिलाइएको छ।

काठमाण्डौ उपत्यकाका लागी वायु गुणस्तर व्यवस्थापन कार्ययोजना २०७६ नेपाल सरकार मन्त्रीपरिषद्वाट स्विकृत भई कार्यान्वयनमा रहेको छ। उक्त कार्ययोजनामा यातायात उधोग फोहोरमैला र धरभित्रको वायु प्रदुषण न्युनीकरण तथा रोकथामका उपायहरु समेटीएको छ। यातायात क्षेत्रको वायु प्रदुषण नियन्त्रणका लागि २०७९ मंसिरदेखी नियमित रुपमा सवारी प्रदुषणको छड्के जाँच गरी सचेत तथा जरिवाना समेत गरिएको छ। इट्टाभट्टामा प्रयोग हुने प्रविधिमा सुधार ल्याउनुको साथै विधुतीय सवारी साधनलाई प्रोत्साहन दिइएको छ ।आगामी दिनमा ठुला विधुतीय सवारी साधनको संख्यालाई वृद्धी गराउन विकास साझेदार संस्थाहरुलाई अनुरोध गरिएको छ । काठमाण्डौ उपत्यका लगायत नेपालभर ४० माइक्रोन भन्दा पातलो प्लास्टिकका झोलाको प्रयोगको रोकथाम तथा नियन्त्रण गर्न प्लास्टिक झोला प्रतिबन्ध सम्बन्धि कार्ययोजना २०७८ जारी गरिएको छ । वातावरण संरक्षण सम्बन्धी विविध जनचेतनामूलक कार्यक्रमहरु समेत संचालनमा रहेका छन्। यी कार्ययोजनाहरुको कार्यान्वयन गरी वायु प्रदुषण नियन्त्रण र वातावरण संरक्षणका थप प्रभावकारी व्यवस्था गर्न नेपाल सरकार प्रतिबद्ध छ ।

**प्रश्न नं ४४**

वर्षेनी नेपालको २ हजार भन्दा बढी ठाँउमा वन डढेलो लागेको समाचार छ । यस्तो अपराध गरेकालाई समयमै नियन्त्रण र कार्वाई किन भएन?

**जवाफः**

नेपालमा वन डढेलोको समस्यालाई समाधान गर्न कानुनी व्यवस्था गर्नुको साथै सचेतनामुलक र स्थानिय स्तरमा क्षमता अभिबृद्धि कार्यक्रमहरु संचालनमा रहेका छन। वन डढेलो लागेपछी नियन्त्रण गर्नु भन्दा वा कार्वाही भन्दा डढेलो लाग्नै नदिनु उत्तम विकल्प हो । वन डढेलोको नकारात्मक प्रभाव न्यूनीकरणको लागी जनचेतना अभिवृद्धी गर्नु सबभन्दा महत्वपूर्ण कार्यहरु हुन् ।

वन ऐन २०७६ ले राष्ट्रिय वनमा आगो लगाउने वा आगलागी हुन जाने कुनै कार्य गरेमा सोलाई कसुर गरेको मानिने व्यवस्था छ । यदि कसैले उक्त कार्य गरेमा क्षति भएको बिगो असुल गरी ३ वर्षसम्म कैद वा ६०,००० रुपैयाँ सम्म जरिवाना वा दुबै सजाएँ हुने व्यवस्था छ ।

नेपालमा वन डढेलो खासगरी आकस्मिक र अन्जान रुपमा हुने हुदाँ वन डढेलो लगाउने व्यक्तिको पहिचान गर्न कठिनाई हुन्छ। तथापी वन डढेलो लगाउने व्यक्तिको पहिचान तथा कारवाही सम्बन्धित वन कार्यालय तथा निकुञ्ज तथा संरक्षित क्षेत्र कार्यालयबाट भैरहेको छ।

**माननीय सञ्चार तथा सूचना प्राविधि मन्त्रीसँग**

**प्रश्नकर्ता : मा. प्रेम सुवाल**

**प्रशन नं ४५**

"६ अर्ब रुपैया बक्यौता नतिर्ने स्मार्ट टेलिकमको लाईसेन्स रद्द गर्ने भनी नेपाल दूरसञ्चार प्राधिकरणले २०७६ साउन १३ गते निर्णय गरे पनि नेपाल सरकारले पटक पटक भुक्तानीको म्याद थप किन गऱ्यो? स्मार्ट टेलिकममा नेपाल सरकारका कुन कुन मन्त्री र अधिकारीहरुको लगानी र शेयर छ? नेपाल टेलिकमलाई डुबाउन नै स्मार्ट टेलिकमलाई म्याद थप गरिएको सत्य हो?

**जवाफः**

१. स्मार्ट टेलिकम प्रा.लि.ले आधारभूत टेलिफोन सञ्चालन गर्नको लागि मिति २०७०/१/२ मा दर्ता भई दश किस्तामा रकम भुक्तानी गर्नेगरी अनुमति(अनुमति पत्र नं.BTSL-01) प्राप्त गरेको। जसको दश वर्षको समयावधि आगामी २०८०/०१/०१ मा सकिनेछ। अनुमतिपत्र प्रदान गर्दाको कानूनी व्यवस्था र अनुमतिपत्रको शर्तअनुसार नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने नविकरण दस्तुर, वार्षिक फ्रिक्वेन्सी दस्तुर, RTDF रोयल्टी, रोयल्टी दस्तुर, Microwave, GSM को न्यूनतम फ्रिक्वेन्सी दस्तुर जस्ता शुल्कहरू

समयमा नै नबुझाएको कारण नेपाल दूरसञ्चार प्रधिकरणले अनुमतिपत्र खारेज हुने निर्णय गरेकोमा स्मार्ट टेलिकम प्रा.लि.ले नेपाल सरकारलाई बुझाउनु पर्ने शुल्क बुझाउने समायावधि अन्तिम पटकको लागि थप गर्ने निर्णय नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८/०३/२८ को बैठकबाट भएको। तत् पश्चात नेपाल दूरसञ्चार प्राधिकरणबाट सो विषयमा स्मार्ट टेलिकम प्रा.लि.लाई पटक पटक ताकेता गरिएको। आगामी २०८०/०१/०१ भित्र नियमानुसार नेपाल सरकारलाई बुझाउनु पर्ने शुल्क नबुझाएको खण्डमा स्मार्ट टेलिकम प्रा.लि.ले प्राप्त गरेको आधारभूत टेलिफोन सञ्चालन गर्ने अनुमति(अनुमति पत्र नं.BTSL-01) कानूनतः स्वत रद्द हुने अवस्था रहेको।

२. नेपाल दूरसञ्चार प्राधिकरणबाट प्राप्त विवरण अनुसार स्मार्ट टेलिकममा नेपाल सरकारका कुनै पनि मन्त्री र अधिकारीहरूको लगानी र शेयर रहेको जानकारीमा नरहेको।

३. नेपाल टेलिकमलाई डुबाउन नै स्मार्ट टेलिकमलाई म्याद थप गरिएको सत्य होईन। नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/०९/२१ को निर्णयबाट स्मार्ट टेलिकम प्रा.लि.ले नेपाल सरकारलाई बुझाउनु पर्ने शुल्क/बक्यौताको रकम प्रतिवर्ष एक किस्ताको दरले जम्मा पाँच किस्तामा नबढ्ने गरी भुक्तानी गर्न समय दिइएको। जुन निर्णयका कारण कुनै अमुक कम्पनीलाई डुबाउने वा उकास्ने भन्ने हुँदैन।

**माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीसँग**

**प्रश्नकर्ता : मा. प्रेम सुवाल**

**प्रश्न नं ४६**

काठमाडौंको थँवही (ठमेल) को ५७-१४-३-२ रोपनी क्षेत्रफलमा फैलिएको सार्वजनिक कमलपोखरी र जग्गा नेपाल सरकारको २०४४ कार्त्तिक २३ गतेको निर्णयानुसार केही व्यक्तिको नाउँमा दर्ता गराई छायाँ कम्प्लेक्स व्यापारिक भवन बनाउन दिने सरकारी अधिकारीहरुलाई कारवाही किन हुँदैन ? कमलपोखरीमा बनेको सो भवन सरकारकै एक सांसदलाई उद्घाट्न गराउन सरकारको प्रहरी प्रशासनसमेतकव सहयोग किन गरियो ? प्रम वालुवाटारको ललिता निवासको सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गरेका अधिकारीहरलाई कारवाही किन गरिएन ?

**जवाफः**

माननीय श्री प्रेम सुवालले सोध्नुभएको माथिको प्रश्नका सम्बन्धमा यस मन्त्रालयबाट कुनै काम कारवाही नभएको र उल्लेखित विषयको कार्यक्षेत्र नेपाल सरकार (कार्य विभाजन) नियमावली २०७४, को अनुसुची-२ बमोजिम यस मन्त्रालयको क्षेत्राधिकारभित्र पर्ने नदेखिएको व्यहोरा समेत अनुरोध छ ।

**माननीय श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीसँग**

**प्रश्नकर्ता : मा. प्रेम सुवाल**
**प्रश्न नं ४७**

वैदेशिक रोजगारीबाट फिर्ता भएका कति जना नेपालीले सहुलियत दरको युवा परियोजना कर्जा माग गरेका छन् ? तीमध्ये कति जनाले यस्तो कर्जा के कति प्राप्त गरे ? वैदेशिक रोजगारीमा गएका नेपाली कुन देशमा कति संख्या छ ?

**जवाफः**

वैदेशिक रोजगारीबाट फिर्ता भएका नेपाली नागरिकहरुलाई सहुलियत दरको युवा परियोजना कर्जा युवा तथा साना व्यवसायी स्वरोजगार कोषको सचिवालय तथा विभिन्न बैंक र वित्तीय संस्थाहरुमार्फत प्रवाह हुने भएको सन्दर्भमा सो सम्बन्धी अभिलेख यस मन्त्रालयमा नहुने व्यहोरा अनुरोध छ । साथै, नेपाल सरकारले मिति २०७९/०३/२१ मा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिका लागि पुनः एकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९ जारी गरी सो अनुसार कार्यक्रमहरु सञ्चालन गरिरहेको व्यहोरा अनुरोध छ ।

पुनश्चः सन् २०२२ मा वैदेशिक रोजगारीका लागि श्रम गन्तव्य मुलुकहरुमा गएका नेपालीहरुको विवरण तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**माननीय महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रीसँग**

**प्रश्नकर्ता : मा. प्रेम सुवाल**

**प्रश्न ४८**

बाजुराको बुढीगंगा नगरपालिकामा २०७३ देखि २०७७ सम्म झण्डै तीन सय जनाको बालविवाह भएको समाचार प्रकाशित भयो । जाजरकोटमा बालविवाह न्यूनिकरण गर्न आइएनजीओले सडक नाटकसमेत देखाएको समाचार प्रकाशित भयो । बालविवाह रोक्न सरकार किन सफल भएन ?

**जवाफः**

- <u>नेपालको संविधान</u>

धारा ३९ को उपधारा (५) मा कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन भन्ने व्यवस्था रहेको ।

- <u>बालबालिका सम्बन्धी ऐन, २०७५ र नियमावली, २०७८</u>

बालबालिकाको अधिकार तथा हक हितको संरक्षण र सम्बर्द्धन गर्न नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीको अध्यक्षतामा एक राष्ट्रिय बालअधिकार परिषद् रहने, प्रत्येक प्रदेशमा प्रदेशको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रीको अध्यक्षतामा प्रदेश बाल अधिकार समिति रहने प्रत्येक स्थानीय तहमा गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुखले तोकेको त्यस्तो गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको सदस्यको अध्यक्षतामा स्थानीय बाल अधिकार समिति सहने व्यवस्था बालबालिका सम्बन्धी ऐनमा गरिएको छ । त्यसैगरी ऐनको दफा ६४ ले स्थानीय तहलाई नै बालबालिकाको अधिकार प्रचलन गराउने अधिकार प्रदान गरेको छ । बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ८१ को उपनियम (१) अनुसार प्रत्येक स्थानीय तहले बालबालिकाको अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा बाल संरक्षणको कार्य गर्नको लागि एकजना बालकल्याण अधिकारी नियुक्त गर्नुपर्ने व्यवस्था गरेको छ ।

दफा ६६ को उपदफा (२) खण्ड (ण) मा बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गरउने कार्यलाई बालबालिका विरुद्धको हिंसा गरेको मानिने र उक्त कार्य गरेमा पचहत्तर हजार रुपैंया सम्म जरिवाना र तीन वर्षसम्म कैद हुने व्यवस्था गरिएको छ ।

- <u>मुलुकी देवानी संहिता, २०७४</u>

मुलुकी देवानी संहिता, २०७४ को दफा ७२ को उपदफा (१) को खण्ड(ग) मा बीस वर्ष उमेर पूरा नभै भएको विवाह स्वतः बदर हुने व्यवस्था रहेको ।

- <u>मुलुकी अपराध संहिता, २०७४</u>

दफा १७३ को उपदफा (१) मा विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) विपरीत भएको विवाह स्वतः बदर हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैंयासम्म जरिवाना हुनेछ भन्ने व्यवस्था गरिएको छ ।

- बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२

  बालमैत्री एवं लैगिक समानतायुक्त समाजको निर्मण गर्ने दिशामा योगदान पुऱ्याउने परिकल्पनाका साथ सन् २०३० सम्ममा बाल विवाह अन्त्यका लागि नेपाल सरकारले राष्ट्रिय रणनीति, २०७२ जारी गरी कार्यान्वयनमा ल्याएको छ ।

  उपरोक्त विद्यमान कानूनी प्रावधानको प्रभावकारी कार्यान्वयनका लागि सरकार प्रतिबद्ध रहेको छ ।

## माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रीसँग

**प्रश्नकर्ता : मा. प्रेम सुवाल**
**प्रश्न ४९:**

धान र उखुको न्युनतम मूल्य निर्धारणमा हरेक वर्ष सरकार विलम्ब किन गर्छ ? बारीमै उखु सुक्न थालेपछि किसानले उधारोमा उखु मिल संचालकलाई विक्री गर्नुपर्ने र भुक्तानी लिन काठमाडौं माइतीघरमा किसानहरु धर्नामा बस्नुपर्ने अवस्थामा सरकार किन पुग्छ ? सरकारले पुँजीपति वर्गको हितमा मात्र काम गर्ने तर किसानको हितमा किन काम नगरेको हो ?

**जवाफः**

क.न्यूनतम समर्थन मूल्य सम्बन्धमा :

१. नेपाल सरकारले कृषकहरुको हित संरक्षण गर्न धानको न्यूनतम रु. मूल्य तथा उखुको न्यूनतम खरीद मूल्य निर्धारण गर्दै आएको छ । मूल्य समयमै निर्धारण गर्ने प्रक्रियाका सम्बन्धमा निश्चित कार्यविधि वा निकाय नभएको हुँदा कृषि विभागबाट उत्पादन लागत तयार गर्ने र सो का आधारमा कृषि तथा पशुपन्छी मन्त्रालयमा सरोकारवाला निकाय विच छलफल भई कृषि तथा पशुपन्छी मन्त्रालयले सिफारिस सहित उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पठाई तहाँ मार्फत मन्त्रीपरिषदमा प्रस्ताव पेश भई मूल्य निर्धारण हुँदै आएको छ ।

२. सैद्धान्तिक रुपमा वाली लगाउनु पूर्व न्यूनतम समर्थन मूल्य तोकिनु पर्ने र सो का लागि उत्पादन लागत समयमै तयार गर्न विगतमा रहेको बजार अनुसन्धान गर्ने निकाय नरहेको र कृषि विभाग मातहत जिल्लाहरुमा निकायहरु नभएकोले प्रदेश कार्यालयहरु सँग समन्वय गरी लागत तयार गर्ने कार्य भईरहेको भएतापनि सिमित जनशक्तिका कारण सो कार्य गर्न कठिनाई ।

३. उपरोक्त अनुसार चालु आ.व. ०७९/८० का लागि धानको न्यूनतम समर्थन मूल्य तोक्न मिति २०७९/०३/२७ मा मन्त्रिपरिषदमा प्रस्ताव पेश हुन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सिफारिस गरी पठाएकोमा तहाँबाट अर्थ मन्त्रालयको सहमति प्राप्त पश्चात मन्त्रिपरिषदमा प्रस्ताव

पेश भई मिति २०७९/०७/२७ मा मात्र स्वीकृत भई आएको हुँदा कम्तीमा वाली कटानी पूर्व निर्णय हुन भएमा मात्र कृषकहरु लाभान्वित हुने देखिन्छ ।

४. यसै गरी उखुको खरीद मूल्य तोक्न कार्य विगतमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय मार्फत प्रस्ताव पेश गर्ने गरिएको भएतापनि गत वर्ष मिति २०७८/०९/२१ को मन्त्रिपरिषदको बैठकको निर्णयबाट "उखुको न्यूनतम खरिद मूल्य निर्धारण र उखु कृषकलाई दिने अनुदान सम्बन्धी प्रस्ताव आ.व. २०७९/८० देखि कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाटै गर्ने निर्णय अनुसार यस मन्त्रालयबाट मित २०७९/०९/०७ प्रक्रिया अगाडी बढाइएको भएता पनि सरकार परिवर्तन भएका कारण फाईल फिर्ता भई पुनः दोहोऱ्याएर प्रस्ताव पठाई मिति २०७९/१०/०४ मा मात्र खरीद मूल्य निर्धारण भएको ।

५. उपरोक्त समस्या सम्बोधन गर्न कृषि तथा पशुपन्छी मन्त्रालयबाट न्यूनतम मूल्य तोक्ने कार्यविधि तयार भैरहेको ।

ख. <u>मिलहरुले उखु कृषकहरुलाई दिने भुक्तानीका सम्बन्धमा :</u>

१. उखु कृषकलाई नेपाल सरकारले निर्धारण गरे बमोजिम प्रबर्द्धन खर्च/अनुदान दिने सम्बन्धमा उखु कृषकलाई अनुदान दिने सम्बन्धी कार्यविधि, २०७५ (दोश्रो संसोधन, २०७६ सहित) अनुसार कृषि विभाग मार्फत सम्बन्धित जिल्लाका को.ले.नि.का. बाट प्रमाणित विवरणका आधारमा सम्बन्धित कृषक कै खातामा रकम नदिएको सम्बन्धमा सम्बन्धित उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट नै उद्योगी, कृषकहरुसँग छलफल/संवाद मार्फत समस्या निराकरणको प्रयास हुने गरेको ।

**मा. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीसँग**

**प्रश्नकर्ता : मा. प्रेम सुवाल**

**प्रश्न ५०:**

नेपालका विद्यालय र विश्वविद्यालयका पाठ्यपुस्तकमा विश्वव्यापीकरण भनेकै निजीकरण र खुल्ला बजार भएको अध्ययन अध्यापन गराइएको हुँदा नेपालमा विदेशी पुँजी र कम्पनीलाई सजिलै अनुमति दिइएको र यसैकारण नेपालका राष्ट्रिय उद्योगहरू समाप्त भइरहेको जनगुनासोबारे सरकारको प्रतिक्रिया के छ ?

**जवाफः**

माननीय प्रेम सुवालले राख्नु भएको जिज्ञासाका लागि माननीज्यूलाई धन्यवाद दिन चाहन्छु । माननीयज्यूको प्रश्नको जवाफ यस प्रकार राख्न चाहन्छु ।

विद्यालय र विश्वविद्यालयका पाठ्यक्रम सम्बन्धित विषयका विज्ञहरूको संलग्नतामा एउटा निश्चित प्रक्रिया पूरा गरी निर्माण गरिन्छ । विद्यालय स्तरको पाठ्यपुस्तकहरूको लेखन कार्यमा सम्बन्धित विषयका विज्ञहरूको संलग्नता हुन्छ र त्यस्ता पाठ्यपुस्तकहरूमा राखिएका पठन सामग्रीहरू समसामयिक र

राष्ट्रियता अनुकूल हुनेगरी राख्ने व्यवस्था छ । विश्वविद्यालय तहमा प्रयोग गरिने सन्दर्भ सामग्रीहरूमा पनि अन्तर्राष्ट्रिय रूपमा स्वीकार्य सामग्रीहरू नै रहने व्यहोरा माननीयज्यूलाई अवगत गराउन चाहन्छु ।

**प्रश्न ५१ः**

सरकारी लगानी भएका सामुदायिक विद्यालय र कलेजहरूमा गुणस्तरीय शिक्षाको व्यवस्था किन भएन ? शिक्षा मन्त्रालयका केही उच्च अधिकारीहरूको मिलेमतोमा विदेशी विश्वविद्यालयबाट सम्बन्धनप्राप्त निजी कलेजहरूको हित हुने गरी शिक्षा निर्देशिका बनाइएको सत्य हो र ?

**जवाफः**

माननीय प्रेम सुवालले राख्नु भएको जिज्ञासाका लागि माननीज्यूलाई धन्यवाद दिन चाहन्छु । माननीयज्यूको प्रश्नको जवाफ यस प्रकार राख्न चाहन्छु ।

सरकारी लगानी भएका कैयौं सामुदायिक विद्यालय र कलेजहरूमा विद्यार्थीहरूको धेरै आकर्षण पनि रहेको छ । विद्यार्थीहरूले हासिल गर्ने उपलब्धि, संस्थाको व्यवस्थापनको अवस्था, पर्याप्त सङ्ख्यामा शिक्षकहरूको व्यवस्थापन, राम्रो पठन पाठन प्रक्रिया आदि विभिन्न तत्त्वहरूको समग्र स्वरूपले गुणस्तर निर्धारण गर्छ । यिनै पक्षहरूको सुधारका निम्ति मन्त्रालय प्रयासरत रहेको व्यहोरा माननीयज्यूलाई अवगत गराउन चाहन्छु ।

त्यसैगरी माननीयज्यूले राख्नुभएको अर्को जिज्ञासाका सम्बन्धमा, विदेशी विश्वविद्यालयबाट सम्बन्धन लिने कलेजहरूले **विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९** बमोजिम सम्बन्धन लिई कार्यक्रम सञ्चालन गरिरहेका र ती संस्थाहरूको नियमन सोही निर्देशिका बमोजिम हुने गरेको व्यहोरा समेत माननीयज्यूलाई अवगत गराउन चाहन्छु ।

**प्रश्न ५२ :**

केही वर्ष अगाडि शिक्षा मन्त्रालयसमेत रहेको र हाल केशर पुस्तकालय तथा नेपाल सरकारको छात्रवृत्ति तथा एनओसी शाखा रहेको सरकारी भवन र वगैंचा होटेल तथा रेष्टुरा सञ्चालन गराउन निजी क्षेत्रलाई ठेक्कामा लगाई साँस्कृतिक सम्पदा विनाश गराउनेतर्फ सरकार किन लागिपरेको हो ?

**जवाफः**

माननीय प्रेम सुवालले राख्नु भएको जिज्ञासाका लागि माननीज्यूलाई धन्यवाद दिन चाहन्छु । माननीयज्यूको प्रश्नको जवाफ यस प्रकार राख्न चाहन्छु ।

शिक्षा मन्त्रालयको नयाँ भवन सिंहदरबारभित्र बनेपछि शिक्षा मन्त्रालय केशर महलबाट सिंहदरबार सरेको हो । केशर पुस्तकालय केशर महलको मुल भवनमै र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका छात्रवृत्ति शाखा, वैदेशिक अध्ययन अनुमति शाखा र शैक्षिक परामर्श तथा प्रमाणीकरण शाखा केशर महल परिसरमै रहेकामा हाल केशर महलको पुनर्निर्माणको कार्यहरू चलिरहेकाले ती शाखाहरू सानोठिमीस्थित मन्त्रालय मातहतकै विभागीय कार्यालयका परिसरमा सारिएको व्यहोरा माननीयज्यूलाई अवगत गराउन चाहन्छु ।

हाल राष्ट्रिय पुनर्निर्माण प्राधिकरण अन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (भवन) मार्फत केशर महलको रेट्रोफिटिङको कार्य भइरहेको छ र मन्त्रालय साँस्कृतिक सम्पदाको संरक्षणका सम्बन्धमा सचेत रहेको र केशर महल परिसरमा रहेका सरकारी भवन निजी क्षेत्रलाई ठेक्कामा नदिइएको व्यहोरा अवगत गराउन चाहन्छु ।

**प्रश्न ५३:**

रसुवा जिल्लाको गोसाईंकुण्ड गापा ६ को मेन्च्यु डुप्च्यो स्थित पहिरोबाट झरिरहेको पानीले मुख धुँदा तथा नुहाउँदा शरीरमा भएको दाग हट्ने र बोली नफुटेका बच्चाहरूलाई सो पानी खुवाइए बोली फुट्ने समाचार प्रकाशित भयो । सरकारले यसको वैज्ञानिक अनुसन्धान गरी जनतालाई सुसूचित गर्ने काम गरेको छ र ?

**जवाफः**

माननीय प्रेम सुवालले राख्नु भएको जिज्ञासाका लागि माननीज्यूलाई धन्यवाद दिन चाहन्छु । माननीयज्यूको प्रश्नको जवाफ यस प्रकार राख्न चाहन्छु ।

माननीयज्यूले सन्दर्भ लिनुभएको समाचारमा उल्लेख गरिएकोजस्तो पहिरोबाट झरिरहेको पानीले मुख धुँदा तथा नुहाउँदा शरीरमा भएको दाग हट्ने र बोली नफुटेका बच्चाहरूलाई सो पानी खुवाइए बोली फुट्ने कुरामा कुनै किसिमको वैज्ञानिक आधार प्रमाणित भइनसकेको र उक्त कुरामा विश्वास नगर्न आम जनसाधारणलाई समेत यसै जवाफमार्फत अनुरोध गर्न चाहन्छु ।

**प्रश्न ५४:**

सरकारले शिक्षा विकासको लागि २०४९, २०५५, २०७०, २०७४, २०७५ र २०७९ मा आयोग र कार्यदल बनाई तयार गरेको प्रतिवेदन संसदमा पेश किन हुँदैन ? यी प्रतिवेदन तयार गर्न कति बजेट खर्च भयो ? सरकारी विद्यालयहरूमा ५७ हजारभन्दा बढी शिक्षक अपुग भएको पूर्ति किन गरिँदैन ?

**जवाफः**

माननीय प्रेम सुवालले राख्नु भएको जिज्ञासाका लागि माननीज्यूलाई धन्यवाद दिन चाहन्छु । माननीयज्यूको प्रश्नको जवाफ यस प्रकार राख्न चाहन्छु ।

सरकारले शिक्षा क्षेत्रको विकासका लागि विभिन्न समयमा आयोग तथा कार्यदल गठन गरी तयार पारिएका प्रतिवेदनहरू मन्त्रिपरिषद्मा पेश गर्ने व्यवस्था रहेको र सोही बमोजिम मन्त्रिपरिषद्मा पेश गरिएको व्यहोरा माननीयज्यूलाई अवगत गराउन चाहन्छु । त्यस्तै माननीयज्यूले उठाउनु भएको शिक्षक अभावसम्बन्धी विषयका सम्बन्धमा शिक्षक दरबन्दी अपुग भएका विद्यालयहरूमा शिक्षण अनुदान पठाइने व्यवस्था रहेको व्यहोरा अवगत गराउँछु ।

**प्रश्न ५५:**

विश्वविद्यालय र कलेजहरूमा विद्यार्थी भर्नाको बेला प्राध्यापक र विद्यार्थीहरूको सङ्घले नै तालाबन्दी, हड्ताल गर्ने हुँदा हजारौं विद्यार्थी विदेशमा अध्ययन गर्न जान बाध्य भएको होइन र ?

**जवाफः**

माननीय प्रेम सुवालले राख्नु भएको जिज्ञासाका लागि माननीज्यूलाई धन्यवाद दिन चाहन्छु । माननीयज्यूको प्रश्नको जवाफ यस प्रकार राख्न चाहन्छु ।

हाल विश्वविद्यालय र कलेजहरूका विद्यार्थी भर्नाको विषयलाई लिएर तालाबन्दी रहेको छैन । नेपाल सरकार उच्च शिक्षाका क्षेत्रमा रहेका बेथितिहरूलाई न्यूनीकरण गर्दै विद्यार्थीहरूलाई नेपालमै पढ्ने वातावरण बनाउन प्रतिवद्ध रहेको र सो का लागि मन्त्रालय र विश्वविद्यालयहरूबिच छलफलसमेत भइरहेको व्यहोरा माननीयज्यूलाई अनुरोध गर्न चाहन्छु ।

## लिखित प्रश्न :

**मा.** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीसँग

**प्रश्नकर्ता मा. सुमना श्रेष्ठ**

**प्रश्नहरु :**

१) अतिरिक्त बजेटबाट कति जना कर्मचारीको तलब जाँदैछ?

२) लोकसेवा जाँच लिएदेखि जाँचका सबै चरणमा उत्तीर्ण भई मन्त्रालय तोकिने सम्म (अर्थात मन्त्रालयमा नियुक्ति सम्म) औसतमा कति समय लाग्ने गरेको छ?

३) मन्त्रालय तोकिएपछि (मन्त्रालयसम्म प्लेसमेन्ट भइसकेपछि ), सो मन्त्रालय देखि कार्यालय/विभाग/शाखा तोकिन औसतमा अति समय लाग्ने गरेको छ?

४) कार्मचारीका लागि अभिमुखीकरण, तालिमहरु, उत्साहजनक रुपमा काम गर्न 'अन-बोर्डिङ' तथा उत्प्रेरणा जगाउने किसिमका कार्यक्रमको प्रक्रिया के कस्तो छ?

५) कर्मचारीलाई आफ्नो जिम्मेवारीहरू लिखित रुपमा (TOR) काम सुरु हुनुभन्दा कति अगावै प्रदान गरिन्छ?

६) मूल्याङ्कनको फारम सबैमन्त्रालयका हरेक तहमा कामका आधारमा फरक छन् या एउटै फारम प्रयोग गरिन्छ?

७) सुगम र दुर्गममा युनियन विभाजन कस्तो छ? यसको विस्तृत विवरण उपलब्ध गराइदिनुहोला।

८) अहिले सम्म कति जना कर्मचारी काममा खराब प्रदर्शन वा काम सही ढङ्गले नगरेका कारण कारवाही वा निलम्बनमा परेका छन्?

**उपर्युक्त प्रशनहरु जवाफको लागि सम्बन्धित मन्त्रालय पठाइएको तथा हालसम्म जवाफ प्राप्त नभएको ।**